छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १०९ • २०८३ साल भाद्र २१ गते आइतबार (6 September, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

# करोडौँको 'एप्पल एयरपड्स' बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। महोत्तरीको सोनमा गाउँपालिका-६ स्थित मगरथानाबाट सशस्त्र प्रहरीले करिब दुई करोड ४० लाख मूल्य बराबरको 'एप्पल एयरपड्स' बरामद गरिएको छ। अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरिएको अवस्थामा प्रहरीले ठूलो परिमाणमा वायरलेस इयरफोन बरामद गरिएको छ।

सशस्त्र प्रहरीले जनाए अनुसार शनिबार गरिएको संयुक्त कारबाहीका क्रममा एक हजार २०० थान एप्पल एयरपड्स बरामद गरिएको छ। बरामद एयरपड्सको अनुमानित मूल्य रु दुई करोड ४० लाख रहेको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण महोत्तरी, सीमा सुरक्षा गुल्म रघुनाथपुर र बोर्डर आउट पोस्ट (बीओपी) खैरवनीबाट खटिएको संयुक्त गस्ती टोलीले उक्त सामान बरामद गरेको छ।

गस्तीमा रहेको सशस्त्र प्रहरी टोलीलाई देखेपछि एयरपड्स बोकेर नेपालतर्फ आउँदै गरेका व्यक्ति सामान छाडेर फरार भएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए। फरार व्यक्तिको पहिचान तथा खोजी भइरहेको जनाइएको छ।

प्रहरीले जनाए अनुसार बरामद भएका एयरपड्स अवैध रूपमा नेपालतर्फ ल्याइँदै गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। ठूलो परिमाणमा रहेका ती सामानको स्रोत, ओसारपसारमा संलग्न व्यक्ति तथा यसको सम्भावित गन्तव्यबारे थप अनुसन्धान भइरहेको छ।

बरामद सामग्री आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा बुझाउने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

सीमा क्षेत्रमा हुने अवैध ओसारपसार तथा तस्करी नियन्त्रणका लागि सशस्त्र प्रहरीले निगरानी र गस्तीलाई थप प्रभावकारी बनाउँदै आएको जनाएको छ। पछिल्लो समय सीमावर्ती क्षेत्रमा इलेक्ट्रोनिक सामग्रीलगायत विभिन्न सामान अवैध रूपमा नेपाल भित्र्याउने प्रयास हुने गरेको भन्दै सुरक्षा निकायले त्यस्ता गतिविधिमाथि निगरानी बढाएको छ।

## भोटेकोशी महाविपत्तिको आज १२ औं दिन
# ११औँ दिनमा दुई जनाको जीवित उद्धार, बाढीबाट सम्पत्तिमा क्षति

**टुडे समाचारदाता**

जनकपुरधाम। रसुवाको भोटेकोशी नदीमा गएको विनाशकारी बाढीपछि ११औँ दिनमा दुई जनाको जीवितै उद्धार गरिएको छ। नुवाकोटको बेत्रावती बजारबाट ६४ वर्षीया एक महिलाको उद्धार गरिएको छ भने त्रिशूली-१ जलविद्युत् आयोजनाको सुरुङबाट एक चिनियाँ नागरिकलाई जीवितै उद्धार गरिएको छ।

नुवाकोटको विदुर नगरपालिका-१० की ६४ वर्षीया चण्डिका श्रेष्ठलाई शनिबार बेत्रावती बजारस्थित आनन्द श्रेष्ठको घरबाट सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोलीले जीवितै उद्धार गरेको छ। उनलाई नेपाली सेनाको हेलिकोप्टरमार्फत काठमाडौंस्थित छाउनी अस्पताल ल्याइएको छ। सशस्त्र प्रहरी बलका केन्द्रीय प्रवक्ता नेत्रबहादुर कार्कीले जनाए अनुसार श्रेष्ठको छाउनी अस्पतालमा उपचार भइरहेको छ।

यसैबीच, भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका एक चिनियाँ नागरिकको पनि शनिबार त्रिशूली-१ सुरुङबाट जीवितै उद्धार गरिएको नेपाली सेनाले जनाएको छ। सेनाले जनाए अनुसार उनलाई आयोजनाको अडिट-४ टनेलबाट नेपाली सेना र



दक्षिण कोरियाको विपद् विज्ञ टोलीले उद्धार गरेको छ।

उद्धारपछि चिनियाँ नागरिकलाई नुवाकोटको त्रिशूलीस्थित मैथिली ब्यारेकतर्फ ल्याइएको छ। भोटेकोशीमा आएको बाढीपछि बेपत्ता तथा फसेकाहरूको खोज तथा उद्धार अभियान जारी रहेका बेला ११औँ दिनमा दुई जनाको जीवित उद्धार भएको छ।

### बाढीबाट रसुवामा भौतिक क्षतिको विवरण

रसुवाको भोटेकोशी बाढीले जिल्लाका सार्वजनिक तथा निजी सम्पत्तिमा ठूलो क्षति पुऱ्याएको छ। जिल्ला प्रशासन कार्यालय रसुवाले बाढीले पुऱ्याएको क्षतिसम्बन्धी प्रारम्भिक विवरण सार्वजनिक गरेको छ।

रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीले जनाए अनुसार बाढीबाट २८ वटा सरकारी र सार्वजनिक भवन, आठ सामुदायिक र तीन निजी विद्यालय, १४ वटा बैंक तथा वित्तीय संस्था, एउटा पेट्रोल पम्प र एक हजार ५०० वटा निजी घरमा क्षति पुगेको छ। बाढीले जिल्लामा ४१ किलोमिटर सडक, छ वटा पक्की पुल, आठ वटा 'बेलिब्रिज' र १० वटा झोलुंगे पुल बगाएको छ। बाढीबाट भोटेकोशी र त्रिशूली नदी तथा लाङ्टाङ खोलामा निर्माण भएका आठ वटा जलविद्युत् आयोजनामा पूर्ण रूपमा क्षति पुगेको छ।

बाढीले १११ मेगावाटको रसुवागढी, १२० मेगावाटको भोटेकोशी, २० मेगावाटको चिलिमे, २० मेगावाटको लाङ्टाङ खोला, २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, पाँच मेगाावटको मैलुङ खोला, ६० मेगावाटको माथिल्लो त्रिशूली ३ 'ए' र ३७ दशमलव तीन मेगावाटको त्रिशूली ३ 'बी'मा क्षति पुऱ्याएको उनले जानकारी दिए।

## ५ हजार अझै सम्पर्कविहीन

**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशी बाढी गएको १२ दिन बित्दै गर्दा पनि खोजी तथा उद्धार कार्य जारी नै छ। शनिबार त्रिशूली-३ 'ए'को सुरुङबाट एक जना र बेत्रावतीस्थित घरबाट एक जनाको जीवितै उद्धार गरिएको छ। शुक्रबार पनि दुई जनाको जीवितै उद्धार गरिएको थियो।


राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाए अनुसार शनिबार दिउँसो १२ बजेसम्म बाढीमा १ हजार ३४४ जनाको शव फेला परेको, १३ हजार ९८ जनाको उद्धार गरिएको र ५ हजार जना अझै सम्पर्कविहीन छन्। बाढीमा ५ हजार ६६३ जना घाइते भएका छन् भने ९६ शवको सनाखत गरी परिवारलाई बुझाइएको छ।

खोजी तथा उद्धारका लागि हालसम्म २१ हजार ४०२ सुरक्षाकर्मी परिचालन भएका छन्। उद्धार गरिएकामध्ये ४ हजार ६२७ जना होल्डिङ सेन्टरमा रहेका छन्।

प्राधिकरणले बाढीबाट भएको प्रारम्भिक क्षति ३ खर्ब ८७ अर्ब ५४ करोड रुपैयाँ बराबर रहेको जनाएको छ। सरकारले राहत तथा सहायता वितरणमा एकद्वार नीति कायम गर्दै प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा सोझै रकम पठाउन सकिने व्यवस्था गरेको छ।

सम्पर्कविहीनका परिवारमा अझै पनि आशा कायमै रहेकाले खोजी तथा उद्धार कार्यलाई निरन्तरता दिइएको छ।

# धुमधामसाथ मनाइयो कृष्णजन्माष्टमी



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष भदौ कृष्ण अष्टमीका दिन मनाइने 'श्रीकृष्णजन्माष्टमी' पर्व शुक्रबार वैदिक सनातन धर्मावलम्बीले देशभर भगवान् श्रीकृष्णको विधिअनुसार पूजाआराधना गरी श्रद्धाभक्तिपूर्वक मनाएका छन्।

श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा शनिबार देशभरका कृष्णमन्दिरमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको थियो। ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्णजन्माष्टमी' र रातलाई 'मोहरात्री' भनिन्छ। यस दिन देशभरिका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष 'व्रत' बसी रातभर जाग्राम रहने प्रचलन छ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रूपमा वासुदेव र देवकीको पुत्रका रुपमा जन्मनुभएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको धार्मिक मान्यता छ।

त्रेतायुगमा भगवान् कृष्णको जन्म भएको धार्मिक विश्वासको आधारमा कृष्णजन्माष्टमी भदौ महिनाको अष्टमी तिथिमा उत्सवको रूपमा मनाइने गरिन्छ। सोही अनुसार जनकपुरधामसहित देशव्यापी रुपमा राधाकृष्णसहितको प्रतिमा स्थापना गरी कृष्णजन्माष्टमी पर्व मनाइएको छ।

जनकपुरधाममा विभिन्न चोकमा समेत राधाकृष्णको माटोको प्रतिमा स्थापना गरी धुमधामसाथ कृष्णाष्टमी मनाइएको छ। रेल्वे स्टेसन चोक, विसहारा चोक, मुरलीसर विद्यापति चोक, विश्वकर्म चोकसहितका चोकमा कृष्णाष्टमी मनाइएको छ।

रेल्वे स्टेसनमा रेल्वे स्टेसन युवा कमिटीले ३० औँ वर्षदेखि कृष्णाष्टमी मेला आयोजना गर्दै आएको छ। सो अवसरमा रेल्वे स्टेसन एरियामा भव्यताका साथ मेलासमेत लागेको छ।

माटोको कृष्ण, राधा, यशोदा, वासुदेवलगायत अन्य देवीदेवताका कलात्मक प्रतिमा बनाउन एक लाखभन्दा बढी रुपैयाँ खर्च लाग्दै आएको छ भने सम्पूर्ण पूजा व्यवस्थापनसहित मेला लगाउन पाँच लाख रुपैयाँ खर्च भएको समितिका संयोजक शत्रुघ्न साहले जानकारी दिए।

समितिले प्रतिमा स्थापना गरेर रमणीय पण्डाल बनाउनुका साथै मेलामा भजनकीर्तनको समेत व्यवस्था गरिएको साहले जानकारी गराए। बिहीबारबाट हुने पूजाका लागि बुधबार नै कुम्हारकहाँबाट प्रतिमा पूजास्थलमा लगिएको छ।

कृष्णाजन्मष्टमीका लागि प्रतिमा घरमा बसाएर तथा टोलहरूमा सामूहिक रूपमा पूजापाठ गरिएको स्थानीय मनोज झाले बताए। मधेशमा सरस्वती पूजा, दशैँ र विश्वकर्मा पूजामा माटोको प्रतिमा स्थापना गरी पूजा गरिएझैँ कृष्णजन्माष्टमीमा पनि प्रतिमा स्थापना गर्ने सदियौँको परम्परा रहेको झाले बताए।

धनुषासहित मधेश प्रदेशकै विभिन्न गाउँमा युवाहरूले चन्दा संकलन गरी प्रतिमा स्थापना गरेर पूजा गर्ने गरेका छन्। प्रतिमाहरूको मूल्य पाँच हजार देखि करिब एक लाख रुपैयाँसम्म हुने कुम्हाले रामलोचन पण्डितले बताए।

कृष्णाष्टमीको पहिलो दिन शुक्रबार राधाकृष्णको प्रतिमा विधिवत् स्थापना गरी राति १२ बजेदेखि नै कृष्णजन्माष्टमी मनाउने गरिन्छ। शनिबार जन्मोत्सवको अवसरमा धुमधामसाथ मेला आयोजना गर्ने र घरमा पूजा गर्नेहरूले दिनभरि पूजाअर्चना गर्दै रातभर जाग्राम बसेर भजनकीर्तन गर्ने र आइतबार प्रतिमालाई जलाशयमा सेलाउने धार्मिक परम्परा रहेको छ।

## कृष्णभीरमा खुल्यो डाइभर्सन ट्र्याक

**टुडे समाचारदाता**

जनकपुरधाम। सडक भासिएको एक सातापछि कृष्णभीरमा डाइभर्सन ट्र्याक खोलिए पनि सवारीसाधन सञ्चालनमा आउनका लागि अझै एक साता लाग्ने भएको छ। यो सडक खुलेसंगै काठमाण्डु आवतजावतमा सहज हुने छ।

भासिएको खण्डको २ सय ५२ मिटर ट्र्याक खोलिएको सडक विभागका महानिर्देशक विजय जैसीले जानकारी दिए। उनले अहिलेलाई निर्माणमा प्रयोग हुने मेसिन पैदल यात्राका लागि सडक बनेको बताए।

ट्र्याक खोल्ने काम भने पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सडक विभाग मार्फत नेपाल जियो टेक्निकल सोसाइटीले गरेको हो। छिटो ट्र्याक खोल्न विभागले सोसाइटीसँग समझदारीपत्र (एमओयू) मा हस्ताक्षर गरेर काम अघि बढाएको थियो।


जटिल भूगोल भए पनि अन्तिम विकल्पका रुपमा भासिएको सडकभन्दा माथि भित्तो काटेर ट्र्याक बनाउने काम भएको जियो टेक्निकल इन्जिनियर राजन केसीले बताए।

सोसाइटीबाट मन्दिप सुवेदीको संयोजनमा यसको काम भइरहेको छ। 'अब ग्रेड मिलाउने, आकाशबाट पर्ने पानीको व्यवस्थाप, भित्ता मिलाउने लगायत काम हुन्छ,' इञ्जिनियर केसीले भने, 'सबै विकल्पका बारेमा बुझ्यौ, हेर्‍यौं, यही नै विकल्प देखियो।'

अहिले नदीबाट संरचना बनाउन सक्ने अवस्था छैन। ड्रोन सर्भे गरी जोखिम कम गर्नेगरी विभागलाई रिपोर्ट बुझाएर त्यहीअनुसार काम अघि बढाएको उनको भनाइ छ।

भदौ १० गते भोटेकोशी हुँदै त्रिशूलीमा आएको बाढीले तलबाट सडक कटान गर्दा भासिएको थियो। त्यसयता राजधानीको 'लाइफलाइन' रुपमा रहेको पृथ्वी राजमार्गअन्तर्गत नागढुंगा-मुग्लिन सडक खण्ड ठप्प बनेको हो। राजधानीमा नियमित रुपमा दैनिक उपभोग्य बस्तु भित्रन सकेको छैन।

उक्त सडक खण्ड विश्व बैंकको सहुलियत पूर्ण ऋणमा यसको स्तरोन्नतीको काम भइरहेको थियो। यस खण्ड भएर गुड्ने सवारीसाधनलाई अहिले कान्ति राजमार्ग र त्रिभुवन राजपथतर्फ डाइभर्ट गरिएको विभागका महानिर्देशक जैसीले बताए।



## पचास हजार राशिको धार्मिक, सांस्कृतिक पत्रकारिता पुरस्कार अक्षयकोष स्थापना



काठमाण्डु । धर्म, संस्कृति, अध्यात्म, पुरातत्व, इतिहास, भूगोललगायत नेपाली मौलिकतालाई प्रवर्द्धन गर्ने विषयमा कलम चलाउने नेपाली पत्रकारलाई पुरस्कृत गर्नेगरी धार्मिक, सांस्कृतिक पत्रकारिता पुरस्कार अक्षयकोष स्थापना शुभारम्भ गरिएको छ।

धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) नेतृत्वमा पुरस्कार अक्षयकोष स्थापना शुभारम्भ गरिएको हो । गोकर्णेश्वरनगरपालिका-५निवासी कोमलप्रसाद लामिछानेले बीज स्रोतका रुपमा रु ५० हजार दिएपछि पुरस्कार कोष शुभारम्भ गरिएको हो ।

पुरस्कार कोष शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले संस्कृति बचाउन संस्कार महत्त्वपूर्ण विषय भएकाले त्यसको संरक्षणका पक्षमा कलम चलाउने पत्रकारलाई प्रोत्साहन र प्रेरणा दिन पुरस्कार कोषले योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

वैदिक सनातन धर्म, संस्कृतिको रक्षा गरिनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले समाजले धर्मलाई अङ्गालेपछि नै यसको रक्षा हुने बताउनुभयो । पूर्वगृह राज्यमन्त्री एवं नेपाल महर्षि वैदिक फाउण्डेसनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाले धर्म, संस्कृति लोप हुँदै गएको अवस्थामा यस विधामा कलम चलाउने पत्रकारका लागि पुरस्कारको व्यवस्था हुनु स्वागतयोग्य कदम भएको धारणा व्यक्त गर्नुभयो ।

पुरस्कार कोषका लागि बीज स्रोत उपलब्ध गराउनुहुने लामिछानेले पत्रकारितामा धर्म, संस्कृतिको विधापछि परेको देखेपछि सुरुमा रु ५० हजार प्रदान गरी आउँदा दिनमा रकम थप गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले २०८४ साल पौष शुक्ल पूर्णिमादेखि हरेक वर्ष धार्मिक तथा सांस्कृतिक विधामा कलम चलाउने पत्रकारलाई पत्रकारिता पुरस्कार दिने जानकारी दिनुभयो । नेपाली आमसञ्चार माध्यमका मूलधारमा रही धर्म, संस्कृति, अध्यात्म, पुरातत्व, इतिहासलगायत नेपाली मौलिकतालाई प्रवर्द्धन गर्ने गरी पत्रकारिता गरिरहेका पत्रकार सङ्गठित भई विसं २०८१ पुस २९ गते पौष शुक्ल पूर्णिमाका दिन धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) स्थापना भएको थियो । रासस

# उद्धारमा खटिएका नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोलीलाई सलाम !



काठमाण्डु । नेपाली सेनाको नेतृत्वमा जारी खोज तथा उद्धारका क्रममा स्थानीय विद्युत् केन्द्र तथा घरमा फसेका व्यक्तिको जीवितै उद्धार सम्भव भएको छ ।

प्रलयकारी विपद्को यस दुःखद् घडीमा अर्थहीन सल्लाह दिने, नकारात्मक टीकाटिप्पणी गर्ने र विशेषगरी सरकारले केही गरेन भन्ने भाष्य निर्माण गर्ने प्रवृत्ति बढिरहको अवस्थामा नेपाली सेनाको नेतृत्वमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त प्रयासबाट पछिल्लो दुई दिनमा चार जनाको जीवितै उद्धार गरिएको हो ।

नेपाली सेनाको नेतृत्वमा शुक्रबार माथिल्लो त्रिशूली थ्री 'ए' जलविद्युत् केन्द्रको दुई जना कर्मचारी र आज एक चिनियाँ नागरिक तथा सशस्त्र प्रहरी वल तथा नेपाल प्रहरीको प्रयासबाट नुवाकोट विदुरमा एक जना महिलाको जीवितै उद्धार सम्भव भएसँगै सुरक्षाकर्मीको मेहनत र बहादुरीको सर्वत्र प्रशंसा गरिएको छ ।

भोटेकोशी हुँदै त्रिशूली नदीमा भदौ १० गते गएको अकल्पनीय एवं विनाशकारी बाढीले जनधनको अपुरणीय क्षति पुर्याएको विषय परि स्थितिका बाबजुद अविचलित भई उद्धारमा खटिएका नेपाली सेनाको विशेष टोली र सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीले उच्च मनोबलका साथ निर्वाह गरेको उदाहरणीय भूमिकाको स्वदेश तथा विदेशबाट प्रशंसा भइरहेको सामाजिक सञ्जालमा देखिन्छ ।

रसुवा बाढीपछि उद्धार टोलीको नेतृत्व गरिरहनुभएका नेपाली सेनाका प्रमुख सेनानी गङ्गा बरालले माथिल्लो त्रिशूली थ्री 'ए' जलविद्युत् केन्द्रको सुरुङमा खटिएको उद्धार टोली करिब ११ घण्टाको निरन्तर प्रयासपछि शुक्रबार बिहान दुई जना प्राविधिक कर्मचारीको जीवितै उद्धार गर्न सफल भएको भनी दिनुभएको जानकारीबाट आशा र विश्वास जगाउन तथा क्षमता झल्काउन सफल भएको थियो ।

सेना नेतृत्वको टोलीले सो जलविद्युत् केन्द्रमा कार्यरत प्राविधिक सञ्जय साहको बिहान करिब ९:३५ बजे र कवीरजङ्ग महर्जनको १०:०५ बजे जीवितै उद्धार गरेको थियो । नेपाली सेनाको 'स्पेसल फोर्स' विपद् व्यवस्थापन खोज तथा उद्धार टोली, प्राविधिक इञ्जिनियर, नेपाल विद्युत् प्राधिकरणका प्राविधिक कर्मचारी, जलविद्युत् आयोजनाका विज्ञ तथा भौगर्भिक इन्जिनियरसहितको संयुक्त टोली उद्धारमा खटिएका थिए ।

यसैगरी, नेपाली सेना नेतृत्वको टोलीले आज दिउँसो एक चिनियाँ नागरिक र सशस्त्र प्रहरी बलको नेतृत्वमा नुवाकोट विदुरकी चन्द्रिका श्रेष्ठलाई जीवितै उद्धार गरी अर्को चमत्कार रच्न सफल भएको छ । जीवितै उद्धार हुनेक्रम अझै बढोस् र धेरैको घरपरिवारमा खुसी छाओस् भन्ने कामना गरेको पनि त्यत्तिकै देखिन्छ ।

हिमपहिरोसँगै ल्हेन्दे खोलामा यही भदौ १० गते गएको बाढी भोटेकोशी नदीमा मिसिएपछि आसपासमा रहेका व्यक्तिका घर तथा कार्यालय भवन, विद्युत् केन्द्र, सडक तथा पुल, जग्गाजमिनलगायत मानवीय तथा भौतिक क्षति भएको थियो । भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीले रसुवा र नुवाकोटमा ठूलो जनधनको क्षति पुर्याएको तथा धादिङ र चितवनमा सडक तथा पुल बगाएसँगै यस क्षेत्रको जनजीवन अस्तव्यस्त बनेको छ ।

त्यस्तै, जलविद्युत् आयोजनासहित अन्यत्र काम गरिरहेका स्वदेश तथा विदेशका कैयौं व्यक्ति सम्पर्कविहीन भएका अवस्थामा नेपाली सेना नेतृत्वको उद्धार टोली अहोरात्र खटिरहेको छ। यसैबीच, खोज तथा उद्धारका क्रममा जङ्गी अड्डाबाट प्राप्त हुने निर्देशन, विद्युत् आयोजनाका कर्मचारी एवं विज्ञबाट प्राप्त हुने सुझावलाई आत्मसात् गर्दै उद्धार टोलीमा संलग्न सुरक्षा फौजलाई उत्साहित बनाई लक्ष्यप्राप्तिका लागि अहोरात्र खटिएको टोलीको नेतृत्वकर्ता प्रमुख सेनानी बरालले बताउनुभयो ।

उहाँका अनुसार खाना खाएर बिहीबार साँझ ६:०० बजेदेखि त्रिशूली जलविद्युत् आयोजनाभित्र फसेका व्यक्तिको उद्धार कार्य सुरु भई करिब ११ घण्टाको निरन्तर प्रयासपछि दुई जना कर्मचारीलाई जीवितै उद्धार गर्न सफल भएको हो ।

प्रमुख सेनानी बरालले भन्नुभयो, "दृढ इच्छाशक्ति र स्वच्छ भावनाका साथ काम गर्ने हो भने जस्तोसुकै विषम परिस्थितिमा पनि कठिनभन्दा कठिन काम गर्न हामी नेपाली सक्षम छौं ।

अहिलेको अकल्पनीय रसुवा बाढीमा पनि खटिएर त्यो प्रमाणित गर्न सफल भएका छौं ।"

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले प्रलयकारी एवं महाविपत्को यस दुःखद् घडीमा नेपाल सरकारको निर्देशनमा नेपाली सेनाको नेतृत्वमा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीकोसमेत सहयोग, सहकार्य र समन्वय खोज तथा उद्धारको काम तीव्र गतिमा भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "युद्धस्तरमा बाढी प्रभावित क्षेत्रमा खटिएको विशेष उद्धार टोलीले दिनरात नभनी काम गरेर मुलुकको फौजी संरचनासहित नेपाल र नेपालीको प्रतिष्ठा बढाउन सफल भएको छ, यसरी खटिने सुरक्षाकर्मीलाई हौसला प्रदान गर्न हामी सबैको कर्तव्य हो ।" रासस

# वीरेखोला बाढी : २३ परिवार विस्थापित, धानखेत बगरमा परिणत




बाजुरा । यहाँको वीरेखोला झरनामा भीषण बाढी आउँदा झण्डै दुई दर्जन परिवार विस्थापित भएका छन् । गएरातिदेखि परेको अविरल वर्षासँगै वीरेखोलामा ठूलो बाढी आएपछि २३ परिवार विस्थापित भएका हुन् ।

अविरल वर्षापछि माथिल्लो क्षेत्रमा गएको पहिरोले खोला थुनेर ताल बनेको र ताल फुटेपछि सदरमुकाम मार्तडीस्थित बडीमालिका नगरपालिका-६ र ८ को सीमामा पर्ने वीरेखोलामा ठूलो बाढी आएको स्थानीय लालसिंह साउदले बताउनुभयो । "गएराति करिब ८:०० बजे अविरल वर्षापछि वीरेखोलामा एक्कासी ठूलो बाढी आयो । त्यसपछि घरबाहिर निस्क्यौं, अहिलेसम्म न खाना छ, न त बास", उहाँले भन्नुभयो ।

बाढीले मानवीय एवं भौतिक क्षति नगरे पनि गाउँको बीचबाटै ठूलो बाढी आएपछि २३ परिवार विस्थापित भएका हुन् । थप १८ परिवारसमेत जोखिममा रहेको साउदले बताउनुभयो ।

भीषण बाढीबाट वीरेखोलाका ४१ परिवार प्रभावित भएको बडीमालिका नगरपालिका-६ का कार्यवाहक वडाध्यक्ष परे बडुवालले जानकारी दिनुभयो । उहाँका अनुसार बाढीले एक माछा पोखरी, दुई वटा पानी घट्ट र वीरेखोला झरनाको टिकट काउन्टरमा क्षति पुऱ्याएको छ । धानबाली बगाएपछि खेत बगरमा परिणत भएको छ । बाढीबाट विस्थापित परिवारलाई सुरक्षित स्थानमा सारिएको वडाध्यक्ष बडुवालले बताउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी बाजुरा जिल्ला शाखाले बाढी प्रभावित परिवारलाई तत्काल त्रिपाल उपलब्ध गराएको छ । रेडक्रस बाजुरा शाखाका उपमन्त्री बिपीन विष्टका अनुसार विस्थापित २३ परिवारलाई त्रिपाल वितरण गरिएको छ ।

**पाँच वर्षअघिको त्यो दिन, फेरि उही जोखिम**

अहिले मात्रै होइन, वीरेखोलाका बासिन्दा पाँच वर्षदेखि नै बाढीपहिरोको त्रासमा छन् । विसं २०७७ साउन २५ गते बुढीगङ्गा नदीमा गएको बाढीले यहाँको धेरै खेतीयोग्य जमिन बगाएको थियो । किसानले पुस्तौँदेखि खेती गर्दै आएको जमिन एकैछिनमा बालुवा र ढुङ्गाले पुरिएको थियो । कसैका लागि त्यो खेत थियो, कसैका लागि परिवार पाल्ने आधार । त्यही जमिन बाढीपछि बगर बन्यो ।

बाढी रोकिएपछि नदी आफ्नो पुरानै बाटोमा फर्कियो । तर बाढीले दिएको घाउ भने स्थानीयको मन र जमिनमा उस्तै रह्यो । अहिलेको बाढीले भने त्यही पुरानो डरलाई फेरि वास्तविकतामा बदलिदिएको छ । विस्थापित भएपछि वीरेखोलामा बाढीको जोखिम कति गम्भीर छ भन्ने फेरि देखिएको छ । यहाँका स्थानीयका लागि यो केवल एउटा विपत्ति मात्रै होइन, बारम्बार दोहोरिइरहेको सङ्कट हो । "एकातिर खेतीयोग्य जमिन गुमेको पीडा छ, अर्कोतिर घरबास नै सुरक्षित नरहने अवस्था छ", स्थानीय कली साउदले भन्नुभयो, "नदी कटान र बाढीको जोखिम बढ्दै गएपछि अब कहाँ बस्ने, के खाने भन्ने ठूलो सङ्कट भएको छ ।"

**सुन्दरताभित्र लुकेको त्रास**

सदरमुकाम मार्तडीबाट करिब ६ किलोमिटर टाढा रहेको बिरेखोला झरना आन्तरिक पर्यटकको मुख्य आकर्षणको केन्द्र हो । यसको आँगनमै बुढीगंगा नदी बगिरहेको छ । सामान्य अवस्थामा नदीको बहाव हेर्दा यहाँका बासिन्दाका लागि यो प्रकृतिको सुन्दर दृश्यजस्तो लाग्छ ।

वर्षायाम सुरु हुनासाथ जिल्लाका विभिन्न ठाउँ तथा छिमेकी जिल्ला अछामबाट समेत झरनाको अवलोकन गर्न तथा फोटो-भिडियो खिच्न आउनेको भीड लाग्ने गर्छ । तर वर्षायाम सुरु भएसँगै यही बिरेखोलाको सुन्दरता स्थानीयका लागि त्रासको कारण बन्ने गरेको छ ।

पानी बढ्दै जाँदा नदीको गर्जनसँगै यहाँका बस्तीमा डर पस्छ-कतिबेला घरखेत बगाउने हो भन्ने चिन्ताले । "घरआँगनमै बुढीगङ्गा नदी बग्छ, गाउँकै बीचमा वीरेखोला बगिरहेको छ", स्थानीय मतिकला खड्काले भन्नुभयो, "आँगनबाट नदीको कटान र पछाडिबाट खोलाले कतिखेर बगाउँछ भन्ने चिन्ता हुन्छ । हिजोको मात्रै होइन, यसअघि पटकपटकको बाढीले खेतीयोग्य जमिन बगर भइसक्यो । अब कुन दिन घरसँगै हामीलाई बगाउने हो भन्ने डर छ ।"

**जमिन बगर बन्यो, अब घर बग्ने चिन्ता**

कृषिमा निर्भर परिवारका लागि खेत केवल जमिनको टुक्रा होइन, जीविकोपार्जन गर्ने मुख्य आधार हो । २०७७ सालको बाढीले खेतीयोग्य जमिन बगर बनाएपछि धेरै परिवारले उत्पादनको आधार गुमाएका थिए । अहिले फेरि बिरेखोला झरनाको बाढीले घरबासमा समेत जोखिम निम्त्याएपछि समस्या झन् गम्भीर बनेको स्थानीय कमला साउँदले बताउनुभयो । "खेत रहेन, अब घर पनि सुरक्षित छैन," उहाँले भन्नुभयो, "कहाँ गएर बस्ने ? अन्त कतै ठाउँ छैन ।"

वर्षौंदेखि नदी कटान र बाढीको जोखिममा रहेका वीरेखोलाका स्थानीयका लागि अहिलेको बाढीले फेरि एउटै प्रश्न खडा गरेको छ । पहिले खेत गुम्यो, अब घर पनि गुम्ने हो कि ? तत्कालका लागि २३ परिवार सुरक्षित स्थानमा सारिए पनि वीरेखोलाको दीर्घकालीन जोखिम भने यथावत् रहेको बडीमालिका-६ का कार्यवाहक वडाध्यक्ष परे बडुवाल बताउनुहुन्छ । सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण पुडासैनीले बाढीपछि भएको क्षतिको बारेमा यकीन विवरण सङ्कलन र घटनाबारे बझ्ने कार्य भइरहेको जानकारी दिनुभयो । रासस

## बाढीमा परी दिवङ्गत भएकाहरूको चिरशान्तिको कामना गर्दै शान्ति र्‍याली



बागमती । हिमालयन राइडर्स सोसाइटी, हेटौँडाले भोटेकोशीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायत स्थानमा ज्यान गुमाएका व्यक्तिहरूको आत्माको चिरशान्तिको कामना गर्दै आज हेटौँडामा शान्ति र्‍याली गरेको छ ।

संस्थाको पाँचौं साधारणसभासमेतको अवसर पारी हेटौँडा उपमहानगरपालिका-४ स्थित भुवनेश्वर पशुपति मन्दिरबाट सुरु भएको शान्ति र्‍याली फोरेष्ट्री गेट, मेनरोड, बुद्ध चोक, नगरपालिका रोड, मनकामना चोक, भैरव रोड हुँदै पुनः भुवनेश्व पशुपति मन्दिर पुगी सभामा परिणत भएको थियो ।

प्राकृतिक विपद्मा परी दिवङ्गत हुनुभएका व्यक्तिहरूको आत्मा चिरशान्ति, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभका साथै सम्पर्कविहीन हुनुभएका व्यक्तिहरूको सकुशल परिवारसँगको मिलनको कामना गर्दै शान्ति र्‍याली आयोजना गरिएको हिमालय राइडर्स सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभयो ।

कार्यक्रममा भुवनेश्वर पशुपति मन्दिर व्यवस्थापन समितिका अध्यक्ष जगन्नाथ पाण्डे, रमेशबहादुर कोइराला लगायतले संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभएको थियो । उक्त अवसरमा संस्थामा आबद्ध दश जना व्यक्तिलाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो । रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन तपाईका लागि मध्यम फलदायी रहनेछ । |
| वृष : | बौद्धिक क्षेत्रमा ठुलो सफलता मिल्नेछ । |
| मिथुन : | अनावश्यक वादविवादबाटै टाढै बस्नु बुद्धिमानी हुनेछ । |
| कर्कट : | कार्यक्षेत्रमा नयाँ जिम्मेवारीहरु थपिनेछ। |
| सिंह : | तपाईको बोलीको प्रभाव बढ्ने हुनाले रोकिएका पुराना कामहरु बन्नेछन् । |
| कन्या : | कुनै पनि नयाँ कार्यको थालनी गर्नका लागि आजको समय अत्यन्त शुभ छ। |
| तुला : | परिवारमा रहेको सानातिना असमझदारी सहजै हट्नेछन् । |
| वृश्चिक : | व्यापार तथा व्यवसायमा अप्रत्याशित लाभ मिल्नेछ । |
| धनु : | कर्मक्षेत्रमा गरिएको कडा मेहनतको उचित कदर हुनेछ । |
| मकर : | वैदेशिक क्षेत्रसंग सम्बन्धित कामहरु अगाडि बढ्नेछन् । |
| कुम्भ: | स्वास्थ्यमा विशेष सावधानी तथा सतर्कता अपनाउनु होला । |
| मीन: | साझेदारीमा गरिएको कामबाट राम्रो मुनाफा कमाउन सकिनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कटहरियामा एकैपटक पाँच विकास योजनाको उद्घाटन





**टुडे समाचारदाता**

रौतहट । मधेस प्रदेशका पूर्व अर्थमन्त्री तथा संविधानसभा सदस्य सुनिल कुमार यादव (जितेन्द्र) को पहलमा रौतहटमा निर्माण सम्पन्न भएका पाँचवटा विकास योजनाको एकैपटक उद्घाटन गरिएको छ।

स्थानीय कटहरिया नगरपालिका-१ भसेढवामा निर्माण सम्पन्न भएका ती योजनाको शुक्रबार विशेष समारोहबीच उद्घाटन गरिएको हो।

पूर्व प्रदेश सांसद कुन्दन कुशवाहाको सक्रियता तथा तत्कालीन अर्थमन्त्री यादवको पहलमा प्रदेश सरकारबाट बजेट व्यवस्थापन गरी योजनाहरू निर्माण गरिएको बताइएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न भएका योजनाअन्तर्गत १६ लाख रुपैयाँको खुला व्यायामशाला, १२ लाख रुपैयाँको नागरिक आरोग्य भवन, १२ लाख रुपैयाँको योग भवन, १६ लाख रुपैयाँको दलित भवन र १२ लाख रुपैयाँको स्वास्थ्य चौकी भवन स्तरोन्नति रहेका छन्।

वडा नम्बर १ का अध्यक्ष भूपेन्द्र महतो कोइरी र वडा नम्बर ४ का अध्यक्ष चन्दन कुशवाहाले संयुक्त रूपमा ती संरचनाको उद्घाटन गरेका हुन्।

उद्घाटन कार्यक्रममा वडा अध्यक्ष भूपेन्द्र महतो कोइरीले निर्माण भएका संरचनाको संरक्षण र प्रभावकारी सदुपयोगमा स्थानीयवासीको भूमिका महत्वपूर्ण हुने बताएका छन्। उनले सार्वजनिक लगानीबाट बनेका संरचनालाई समुदायको आवश्यकता र हितअनुसार प्रयोग गर्नुपर्नेमा जोड दिएका छन्।

कार्यक्रमका प्रमुख अतिथि वडा ४ का चन्दन कुशवाहाले विकास योजना ल्याउन पूर्व प्रदेश सांसद कुन्दन कुशवाहाको पहल तथा तत्कालीन अर्थमन्त्री सुनिल कुमार यादव (जितेन्द्र) को सक्रिय भूमिकाको प्रशंसा गरेका छन्। उनले विशेषगरी खुला व्यायामशाला र योग भवनलाई स्थानीय नागरिकले नियमित रूपमा प्रयोग गर्न आग्रह गरेका छन्।

एकै स्थानमा स्वास्थ्य, योग, व्यायाम तथा सामाजिक प्रयोजनका लागि आवश्यक पूर्वाधार निर्माण हुनु स्थानीय बासिन्दाका लागि उपयोगी मानिएको छ। विशेषगरी स्वास्थ्य चौकीको स्तरोन्नतिसँगै नागरिक आरोग्य, योग र व्यायामसम्बन्धी संरचना निर्माण हुँदा भौतिक पूर्वाधारसँगै स्वास्थ्य र सामाजिक विकासलाई समेत जोड्ने प्रयास देखिन्छ। यद्यपि यस्ता संरचनाको वास्तविक प्रभाव भने नियमित सञ्चालन, संरक्षण र स्थानीयको सहभागितामा निर्भर रहनेछ।

# अनोजको कुशको शव बनाएर अन्तिम संस्कार



**टुडे समाचारदाता**

विराटनगर । रसुवाको भोटेकोशी बाढीमा परी बेपत्ता भएका मोरङको बेलबारी-९ नलबारीका २३ वर्षीय अनोज धमलाको शव फेला नपरेपछि परिवारले हिन्दु धार्मिक परम्पराअनुसार कुशको शव बनाएर अन्तिम संस्कार गरेका छन्।

अनोज सकुशल फर्किने आशामा परिवारजनले खोजी तथा उद्धारको खबर पर्खिए पनि उनको अवस्था पत्ता लाग्न सकेन। अन्ततः शुक्रबार लक्ष्मीमार्गस्थित स्थानीय घाटमा कुशको प्रतीक बनाएर उनको अन्तिम संस्कार गरिएको हो।

राजेन्द्रप्रसाद धमला र नैनाकला कट्टेल धमलाका कान्छा छोरा अनोज परिवारका लागि ठूलो सहारा थिए। उनका बुबा नलबारी चोकमा पसल सञ्चालन गर्दै आएका छन् भने आमा क्यान्सर रोगसँग लडिरहेकी छन्। उनका दाजु अनिस स्थानीय माउन्ट एभरेस्ट बोर्डिङ स्कुलमा अध्यापन गर्छन्।

स्थानीयका अनुसार अनोज मेधावी तथा भविष्यप्रति स्पष्ट दृष्टिकोण भएका युवा थिए। उनले कोरियाली भाषा परीक्षा उत्तीर्ण गरेका थिए। तर कोरियाले माग गरेको भन्दा उत्तीर्ण हुने परीक्षार्थीको संख्या बढी भएपछि तत्कालै कोरिया जाने उनको योजना रोकिएको थियो।

कोरिया जाने अवसर नखुलेपछि उनी मामा सोमनाथ कट्टेलले सञ्चालन गरेको 'सम्राट टुर एण्ड ट्राभल्स'मा काम गर्न थालेका थिए। पर्यटकलाई विभिन्न धार्मिक तथा पर्यटकीयस्थल घुमाउने क्रममा उनी यसपटक मानसरोवर यात्रामा निस्किएका थिए। तर मानसरोवरतर्फ पर्यटकको टोली लिएर जाने क्रममा भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीमा उनी बेपत्ता भएका थिए।

'पर्यटकलाई मानसरोवर घुमाउन लैजाने क्रममा अप्रत्याशित घटना घट्न पुग्यो,' अनोजका सानोबुबा राजन घिमिरेले भावुक हुँदै भने, 'हामीले साह्रै इमानदार र क्षमतावान् छोरा गुमाउनुपर्‍यो। यसले सिंगो परिवार र आफन्तलाई कहिल्यै नमेटिने गहिरो चोट पुर्‍याएको छ।'

अनोजसँगै उनका मामा सोमनाथ कट्टेल पनि बाढीमा बेपत्ता भएका थिए। कट्टेलको पनि भौतिक शरीर फेला नपरेपछि बुधबार नै कुशको प्रतीक बनाएर अन्तिम संस्कार गरिएको थियो। त्यसको दुई दिनपछि शुक्रबार अनोजको पनि कुशको शव बनाएर अन्तिम संस्कार गरिएको हो।

बाढीपछि अनोज बेपत्ता भएको खबर परिवारमा पुगे पनि क्यान्सर पीडित आमाको स्वास्थ्य अवस्था र वृद्ध बुबालाई पर्ने मानसिक आघातलाई ध्यानमा राख्दै दाजु अनिसले केही समयसम्म वास्तविकता लुकाएका थिए।

उनले बुबाआमालाई भाइ सकुशल रहेको विश्वास दिलाउँदै भनेका थिए, 'मानसरोवर जाने क्रममा बाढी आए पनि भाइ पर्यटकसँगै चीनतर्फ प्रवेश गरिसकेको छ। उसलाई केही भएको छैन, नेटवर्क नभएकाले सम्पर्क मात्र हुन नसकेको हो।'

तर दिन बित्दै जाँदा अनोजको कुनै खबर नआएपछि परिवारको आशंका र पीडा बढ्दै गयो। अन्ततः अनिसले बुबाआमालाई भाइ बाढीमा बेपत्ता भएको कठोर सत्य सुनाउन बाध्य भए। दश दिनसम्म छोरा सकुशल फर्किएर आउने आशामा बसेका आमाबुबाले अन्ततः उनको भौतिक शरीरसमेत फेला नपरेपछि कुशको प्रतीकलाई नै छोरा मानेर अन्तिम संस्कार गर्नुपरेको हो।

अनोजको परिवारजस्तै भोटेकोशी बाढीपछि बेपत्ता भएका अन्य परिवारहरू पनि आफन्त सकुशल भेटिने आशा र मृत्यु स्वीकार्नुपर्ने बाध्यताबीच छन्। खोजी कार्य जारी रहे पनि लामो समयसम्म कुनै अत्तोपत्तो नलागेका व्यक्तिका परिवारले धार्मिक परम्पराअनुसार प्रतीकात्मक अन्तिम संस्कार गर्न थालेका छन्।

## गाँजासहित एक युवक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले ठूलो परिमाणमा गाँजासहित एक युवकलाई पक्राउ गरेको छ। जिल्लाको पकहा मैनपुर गाउँपालिका-१ धोरेस्थित तिलाईपुल-भिष्वा सडकखण्डमा चेकजाँच गर्ने क्रममा प्रहरीले ११४ किलो २५ ग्राम गाँजा बरामद गरेको हो।

गएराति करिब ८:४५ बजे प्रहरी चौकी धोरे र इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको संयुक्त टोलीले तिलाईपुलबाट धोरेतर्फ आउँदै गरेको बा १८ च ३६५७ नम्बरको निशान कार रोकेर जाँच गरेको थियो।

जाँचका क्रममा कारको पछाडिको डिकीमा प्लास्टिकको डोरीले बाँधेर राखिएका १२ वटा पोका फेला



परेका थिए। ती पोकाभित्र प्लास्टिकसहित ११४ किलो २५ ग्राम गाँजा रहेको प्रहरीले जनाएको छ।

गाँजा र कारसहित प्रहरीले धादिङको बेनिघाट रोराङ गाउँपालिका-८ का २१ वर्षीय साजन चेपाङलाई नियन्त्रणमा लिएको छ। पक्राउ परेका चेपाङमाथि लागुऔषध ओसारपसारसम्बन्धी विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# जोखिमयुक्त स्थानको बसोबास सार्नेगरी कानुन बनाइदै




**टुडे समाचारदाता**

काठमाण्डू । संघीय सरकारले जोखिमयुक्त स्थानको बसोबास सार्नेगरी कानुन बनाउन लागेको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा जोखिमयुक्त स्थानको बस्ती सार्नेसम्बन्धी प्रावधान राखिएको छ।

नदी किनार, ताल तलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोवास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीलाई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनु पर्नेछ' प्रस्तावित विधेयकमा उल्लेख छ।

यो काम प्रस्तावित विधेयक ऐनमा रूपान्तरित भएपछि हुनेछ। तयार विधेयक विधायन ऐनअनुसार सर्वसाधारणको राय लिन सार्वजनिक गरिएको छ।

यस्तै, यो विधेयकअनुसार भूमि प्रशासन सेवालाई स्थानीय तहमा विस्तार हुनेछ। रजिस्ट्रेसनलगायतका काम स्थानीय तहबाटै सम्पादन गर्दा सेवाग्राहीको समय र खर्च बचत हुने तथा सेवा प्रवाहमा सहजता आउने सरकारको विश्वास छ।

प्रस्तुत विधेयकमा जग्गा (नाप जाँच) ऐन २०१९, भूमि सम्बन्धी ऐन २०२१, गुठी संस्थान ऐन २०३३, मालपोत ऐन २०३४ र भूउपयोग ऐन २०७६ लाई संशोधन गर्ने व्यवस्था छ।

विधेयकअनुसार दलित र भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारले केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सक्नेछ।

समिति वा कार्यदलले जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र प्रमाण संकलन गरी जग्गा उपलब्ध गराउन सक्नेछ।

समिति वा कार्यदलले नेपाल सरकारको निर्णयबमोजिम विगतमा गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्याहरूको समेत समाधान गर्ने भनिएको छ।

# लालबन्दीमा शैक्षिक सम्मेलन शुरु




**टुडे समाचारदाता**

मलंगवा । जनज्योति बहुमुखी क्याम्पस लालबन्दीमा दुई दिने प्रथम राष्ट्रिय शैक्षिक सम्मेलन, २०८३ सुरु भएको छ।

क्याम्पसको अनुसन्धान व्यवस्थापन इकाइ संयोजक रमेश भट्टराईले दिएको जानकारी अनुसार क्याम्पसकै आयोजना तथा लालबन्दी नगरपालिका कार्यालयको सह-आयोजनामा नवीन शिक्षण अभ्यासलाई स्थानीयस्तरमा प्रवर्द्धन गर्दै सामुदायिक क्याम्पसहरुमा वित्तीय दिगोपनका आधारहरु तय गर्ने उद्देश्यले शैक्षिक सम्मेलन आयोजना गरिएको हो।

'कक्षाकोठादेखि समुदायसम्म : सामुदायिक क्याम्पसहरुमा आर्थिक दिगोपनाका लागि नवीन शिक्षण विधि' भन्ने मूल विषयमा केन्द्रित रहेर आयोजना गरिएको सम्मेलनमा देशका विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थाबाट प्राप्त ६६ वटा अनुसन्धानपरक सामग्री प्रस्तुत हुने क्याम्पस प्रमुख वीरेन्द्र चौधरीले बताए। १५/१६ लाख रुपियाँ खर्च लाग्ने अनुमान गरिएको सम्मेलनमा नेपालको पूर्व मेचीदेखि पश्चिम कैलालीसम्मका विभिन्न क्षेत्र, विश्वविद्यालय र क्याम्पसबाट अनुसन्धानकर्ता तथा शिक्षाविद्हरुको सहभागिता रहेको छ।

शैक्षिक सम्मेलनलाई एउटा क्याम्पसको कार्यक्रमभन्दा माथि उठाएर नेपालका सामुदायिक क्याम्पसहरुमा सञ्चालित उच्च शिक्षाको वर्तमान अवस्था, चुनौति र सम्भावनाबारे राष्ट्रिय सम्वादको मञ्च बनाउन प्रयास गरिने क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष दीपक अधिकारीले बताए।

विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता प्रत्यायन (क्यूएए) प्रमाणपत्र प्राप्त गरिसकेको जनज्योति बहुमुखी क्याम्पसलाई पहिलो पटक आयोजना गर्न लागिएको यो शैक्षिक सम्मेलनबाट स्तरवृद्धिमा समेत टेवा पुग्ने आस गरिएको क्याम्पसका अध्यक्ष अधिकारीको भनाइ छ।

त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायका डिन प्राध्यापक डा. महानन्द चालिसेको प्रमुख आतिथ्यतामा आज बिहान सम्मेलनको उद्घाटन गरिएको हो। उद्घाटन समारोहमा सर्लाही १ की प्रतिनिधि सभा सदस्य नीतिमा भण्डारी कार्की, मधेश प्रदेश सभा सदस्य बेची लुंगेली, नगरप्रमुख वासुदेव अधिकारी, संविधान सभा सदस्य शम्भुलाल श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो।

सम्मेलनमा प्रा.डा. चालिसेसहित प्रा. डा. गोविन्द सुवेदी, प्रा. डा. रामप्रसाद भट्टराई र प्रा. डा. अञ्जयकुमार मिश्रालगायत एक दर्जनभन्दा बढी विज्ञहरुको विशेष सहभागिता रहेको छ।

# मिस मिथिलानारीको फाइनल असोज ३ गते



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला संस्कृति, भाषा, पहिचान तथा महिला सशक्तीकरणलाई केन्द्रमा राखेर गरिएको सौन्दर्य प्रतियोगिता मिस मिथिलानारी नेपाल २०२६ को फाइनल असोज ३ गते हुने भएको छ।

आयोजक थर्ड आई स्टुडियोज प्रालिका प्रोपराईटर हरिवंश जयसवालले जनकपुरधाममा एक पत्रकार सम्मेलन आयोजना गरी असोज ३ गते ३ बजेदेखि जनकपुरधामस्थित तिरहुतिया गाछीमा उक्त सौन्दर्य प्रतियोगिताको ग्रयाण्ड फाइनल आयोजना गरिने जनाएको छ।

"द ब्युटी अफ मिथिला" नारासहित आयोजना हुन लागेको प्रतियोगिताले मिथिला क्षेत्रको कला, संस्कृति, परम्परा, भाषा र महिलाको क्षमता विकासलाई विशेष प्राथमिकता दिइएका आयोजकको दाबी छ।

ग्रयाण्ड फाइनलका दिन भोजपुरी तथा मैथिली क्षेत्रका चर्चित कलाकारहरुको सहभागिता रहेको छ। सो मिस मिथिलानारी नेपाल २०२६ केवल सौन्दर्य प्रतियोगिता मात्र नभई मिथिला क्षेत्रका महिलालाई आत्मनिर्भर, आत्मविश्वासी र नेतृत्वदायी बनाउने अभियान पनि हो। ग्रायाण्ड फाइनलका लागि अनलाईन तथा काउण्टर टिकटको व्यवस्थाको गरिएको छ।

# टिपरको ठक्करबाट शिक्षकको मृत्यु




**टुडे समाचारदाता**

बारा। बाराको दुधौरा-पिलुवा सडकखण्डमा शनिबार टिपरको ठक्करबाट एक शिक्षकको मृत्यु भएको छ। मृत्यु हुनेमा जीतपुर सिमरा उप महानगरपालिका-१६ डुमरवाना निवासी ५२ वर्षीय देवबहादुर चोरेल रहेका जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीका अनुसार जितपुर सिमरा उपमहानगरपालिका-१ बैजुरा पुलस्थित शनिबार दिउँसो साढे १२ बजे ना १ अ.यो. १३४ नम्बरको टिपरले विपरीत दिशाबाट आउदै गरेको २-०३-०२२ प ९६४५ नम्बरको मोटरसाइकललाई ठक्कर दिदा शिक्षक चोरेलको टाउकोमा चोट लागेको थियो, प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिएका छन्।

उनका अनुसार टिपरको ठक्करबाट गम्भीर घाइते भएका चोरेललाई घटनास्थलबाट तत्काल उद्धार गरी उपचारका लागि वीरगन्जको गण्डकस्थित ब्योधा अस्पतालमा उपचारको क्रममा चिकित्सकले चोरेललाई मृत घोषणा गरेको जानकारी दिए।

घटनापछि फरार रहेका टिपर र चालक प्रसौनी गाउँपालिका-१ बस्ने ५८ वर्षीय ध्रुवदेव हजरालाइ नियन्त्रणमा लिएर दुर्घटनाबारे थप अनुसन्धान अघि बढाएको छ। दुर्घटनाको कारण तथा घटनासम्बन्धी अन्य विवरणबारे अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ।

उनी कलैया उपमहानगरपालिका-२४ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय मनहर्वामा शिक्षकका रुपमा कार्यरत थिए।

## आशा सिनेमा हलका प्रोपराइटरले गरे दुई लाख सहयोग



**टुडे समाचारदाता**


जनकपुरधाम। रसुवा भोटेकोशी बाढी प्रभावित नागरिकको राहत तथा उद्धारका लागि जनकपुरधामस्थित आशा चलचित्र मन्दिरका प्रोप्राइटर उर्वशी गिरी र उनकी छोरी आकृति गिरीले प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग गरेका छन्।

गिरी आमा छोरीले आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गर्दै प्रधानमन्त्री राहत कोषमा जनही १ लाख रुपैयाँका दरले कुल २ लाख रुपैयाँ सहयोग गरेका हुन्।

विपद्को समयमा प्रभावित तथा पीडितको सहयोगका लागि राहत कोषमा योगदान गर्दै उनीहरूले सामाजिक उत्तरदायित्वको उदाहरण प्रस्तुत गरेका छन्।

संकटको घडीमा निजी क्षेत्र तथा सर्वसाधारणको सहयोगले राहत, उद्धार र पुनःस्थापनाका कार्यमा थप सहयोग पुग्ने विश्वास गरिएको छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# बचाउने शक्ति बलवान

भोटेकोशीमा आएको विनासकारी बाढीमा हराइरहेकाहरु अझै जिवित भेटिएका छन् । खोजी र उद्धारमा सक्रिय टोलीहरुको प्रयासले केही व्यक्तिहरुको जिवितै उद्धार गरिएको छ । १० दिनसम्म निरन्तर जीवन र मृत्युबीच संघर्ष गरेर मृत्युलाई पराजित गर्नेहरु भेटिएका छन् । हराइरहेका मानिसहरु मध्ये अझै जिवित मानिसहरु विभिन्न स्थानमा रहेको हुन सक्ने सम्भावना बढेको छ । ११ औं दिनमा एकजना महिला आफ्नै घरमा फसेको र उनलाई सुरक्षाकर्मीको उद्धार टोलीले जिवितै उद्धार गरेको छ । जलविद्युत आयोजनामा फसेका एकजना चिनिया नागरिकको पनि जिवितै उद्धार भएको छ । हराइरहेकाहरु मध्ये अधिकांशको मृत्यु भइसकेको धैरैले विश्वास गरेका छन् । तर लेदो भित्र पनि जीवन सुरक्षित रहेको आशा जिवित नै छ । खोजी र उद्धार कार्यमा संलग्न टोलीहरुले पछिल्लो पटक उद्धार गरेका जिवित मानिसहरुको कारण हराइरहेका मानिसहरुको आफन्तहरुमा भेट्ने आशा जागेको छ । जीवन रहेको सम्भावना न्यून रहेको अवस्थामा खोजी र उद्धार टोलीले जिउँदो मानिस फेला पार्नु भनेको चम्तकार नै हो । अन्न, पानी बिना लेदोमुनी दबेका मानिसहरुमा प्राण हुनु दैवी चम्तकार नै हो । एउटा भनाइ छ, मार्ने भन्दा बचाउने शक्ति बलियो हुन्छ । बाढी प्रभावित क्षेत्रमा अहिले बचाउने शक्तिको प्रभाव देखिएको छ । राहत र उद्धार कार्यलाई अझै निरन्तरता दिनुपर्ने देखिएको छ । अझै पनि जिवित मानिसहरु फेला पर्न सक्ने संकेतहरु देखिएकोले खोजी कार्यलाई रोक्न हुँदैन । दैवी चम्तकारले नै मानिसहरु जिउँदो रहेको देखिन्छ । हात, खुट्टा चलाउन सक्ने अवस्था समेत नरहेको स्थितिमा रहेका मानिसहरु सम्म खोजी र उद्धार टोली पुग्न थालेको छ । जलविद्युत गृहको सुरुंगमा मात्र नभइ क्षतिग्रस्त घरहरुमा समेत फसेका मानिसहरु जिवित रहेको हुन सक्छ । प्रभावित क्षेत्रमा राहतको कार्यलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ । पीडितहरुका लागि सरकारी भण्डारणमा पर्याप्त राहत सामग्री जम्मा भइरहेको छ । ती सामग्रीहरुलाई व्यवस्थित रुपमा प्रभावित क्षेत्रमा पुऱ्याएर समुचित ढंगले वितरण गर्न आवश्यक छ । देशको विभिन्न भागबाट प्राप्त राहत र विदेशबाट आएको राहत सामग्रीलाई समयमै पीडितहरुसम्म पुऱ्याउन सके मात्र फलदायी हुन सक्छ । कतिपय राहत सामग्री छोटो समयमै बिग्रन सक्ने भएकाले प्रभावित क्षेत्रमा पुऱ्याएर दाताको उद्देश्यलाई समेत सार्थक बनाउनु पर्छ । प्रकृतिले विनाश निम्त्याएको स्थलमा पनि दैवले ज्यान जोगाएको देखिएको छ । खोजी, उद्धार र राहतको कार्यमा नेपाली टोलीको प्रयास अत्यन्त प्रशंसनीय छ । हरेक विपद्मा नेपालीहरुको विज्ञता प्रमाणित भएको छ । विदेशीको भर परेर मात्र धेरै थोक हुने सोचभन्दा नेपाली विज्ञहरुलाई उत्साहित बनाएर विपद्को बेला पर्याप्त सहयोग लिन सकिन्छ ।

# संसारका महानायक श्रीकृष्ण : जीवन दर्शनका दस प्रेरक पाठ



● सुजीत कुमार झा

भगवान् श्रीकृष्णलाई हामी विभिन्न रूपमा सम्झन्छौँ–कसैका लागि उहाँ भगवान् हुनुहुन्छ, कसैका लागि महान् दार्शनिक, कसैका लागि कुशल कूटनीतिज्ञ, कसैका लागि आदर्श मित्र र कसैका लागि जीवनका जटिल परिस्थितिमा सही बाटो देखाउने प्रेरक व्यक्तित्व । श्रीकृष्णको जीवनलाई मात्रै धार्मिक कथाका रूपमा हेर्ने हो भने उहाँका अनेकौँ पक्ष ओझेलमा पर्न सक्छन् । तर उहाँका जीवन प्रसङ्ग र त्यसबाट प्राप्त हुने सन्देशलाई व्यवहारिक जीवनसँग जोडेर हेर्ने हो भने श्रीकृष्ण एउटा अद्भुत जीवन-दर्शनका स्रोतका रूपमा देखापर्नुहुन्छ ।

श्रीकृष्णको जीवन जन्मदेखि नै संघर्ष, चुनौती, निर्णय, सम्बन्ध, कर्तव्य, कूटनीति, त्याग र अन्ततः जीवनको शाश्वत सत्यसँग जोडिएको देखिन्छ । यही कारण उहाँको जीवनबाट आजको पुस्ताले पनि अनेकौँ प्रेरणा लिन सक्छ ।

### १. संघर्षदेखि कहिल्यै नडराऊ

श्रीकृष्णको जन्म सामान्य परिस्थितिमा भएको थिएन । मथुराको कारागारमा मध्यरातमा उहाँको जन्म भयो । कंसले देवकी र वसुदेवलाई बन्दी बनाएर राखेका थिए। देवकीको आठौँ सन्तानबाट आफ्नो मृत्यु हुने भविष्यवाणी सुनेपछि कंसले उनका सन्तानमाथि अत्याचार गरिरहेको थियो ।

श्रीकृष्ण जन्मिएलगत्तै वसुदेवले उहाँलाई यमुना पार गराएर गोकुल पुऱ्याए । आफ्नो सन्तानलाई सुरक्षित राख्न उनले त्यही रात जीवनको ठूलो जोखिम उठाए । यसरी भगवान्का रूपमा जन्मिएका श्रीकृष्णले पनि जीवनको पहिलो रातीदेखि नै संघर्षको सामना गर्नुपऱ्यो ।

यसले एउटा महत्वपूर्ण सन्देश दिन्छ–जीवनमा संघर्षको समय निश्चित हुँदैन । जन्मसँगै संघर्ष सुरु हुन सक्छ । त्यसैले कठिनाइ आउँदा आत्तिनुभन्दा त्यसको सामना गर्ने साहस आवश्यक हुन्छ ।

अभिभावकले पनि आफ्ना बालबालिकालाई मात्रै सुविधा र संरक्षणमा हुर्काउने होइन, जिम्मेवारी लिन र चुनौतीको सामना गर्न सिकाउनुपर्छ । सानो उमेरदेखि जिम्मेवारीको अभ्यासले निर्णय क्षमता र आत्मविश्वास बढाउँछ ।

### २. प्रेमसंगै जिम्मेवारी पनि आवश्यक छ

बाल्यकालमा श्रीकृष्ण गोकुलका गोठाला साथीहरूसँग गाई चराउन जंगल जाने गर्थे । खेल्ने उमेरमा पनि उनी गाईको हेरचाह र सुरक्षाको जिम्मेवारी लिन्थे ।

यस प्रसङ्गको आधुनिक जीवनका लागि ठूलो अर्थ छ । बालबालिकालाई माया गर्नु आवश्यक छ, तर अत्यधिक संरक्षणले उनीहरूलाई निर्भर बनाउन सक्छ ? त्यसैले प्रेमसँगै जिम्मेवारी पनि दिनुपर्छ ।

घरका साना काममा सहभागी गराउने, आफ्नो सामान आफैँ मिलाउन लगाउने, परिवारप्रतिको दायित्व बुझाउने र परिस्थितिअनुसार निर्णय गर्न प्रेरित गर्ने हो भने बालबालिकामा आत्मनिर्भरता विकास हुन्छ ।

श्रीकृष्णको बाल्यकालले यही सिकाउँछ–बालबालिकालाई सुविधा मात्र होइन, जिम्मेवारी पनि दिनुपर्छ ।

### ३. गलत परम्पराविरुद्ध प्रश्न उठाउने साहस राखौं

गोकुलवासीले वर्षाका लागि इन्द्रको पूजा गर्ने परम्परा थियो । श्रीकृष्णले भने प्रकृति, गोवर्धन पर्वत, गाई र आफ्नो जीवनयापनसँग प्रत्यक्ष जोडिएका पक्षको सम्मान गर्नुपर्ने तर्क अघि सारे । यसपछि गोवर्धन पूजाको परम्परा सुरु भएको धार्मिक कथा पाइन्छ ।

यस कथालाई सामाजिक दृष्टिले हेर्दा एउटा महत्वपूर्ण सन्देश देखिन्छ–परम्परा पुरानो हुँदैमा सही हुन्छ भन्ने छैन । कुनै अभ्यास किन गरिँदैछ भनेर प्रश्न गर्ने चेतना पनि आवश्यक हुन्छ ।

आजको समाजमा पनि गलत काम, भ्रष्टाचार, अन्याय वा विभेदलाई मात्रै 'यस्तै चलिआएको छ' भनेर स्वीकार गर्नु हुँदैन । बालबालिकालाई सानैदेखि सही र गलत छुट्याउने तथा गलत कामको विरोध गर्ने संस्कार दिनुपर्छ ।

### ४. वर्तमानसंगै भविष्य पनि देख्न सक्नुपर्छ

श्रीकृष्णले उज्जयिनीस्थित महर्षि सान्दीपनि आश्रममा शिक्षा लिएको कथा प्रसिद्ध छ। गुरुदक्षिणाका रूपमा गुरुको हराएको पुत्र फिर्ता ल्याउने प्रसङ्गसँगै कृष्णले आफ्नो यात्राका क्रममा समुद्रबीचको भूभाग देखे र पछि मथुरामाथि हुने आक्रमणबाट बच्न द्वारका निर्माण गरेको कथा आउँछ ।

यसबाट प्राप्त हुने जीवन-सन्देश दूरदर्शितासँग सम्बन्धित छ । आजको समस्या समाधान गर्नु मात्र पर्याप्त हुँदैन; त्यसले भोलि निम्त्याउन सक्ने परिस्थितिको पनि अनुमान गर्नुपर्छ ।

व्यक्तिगत जीवनमा होस् वा व्यवसाय, राजनीति, शिक्षा र समाज निर्माणमा–वर्तमानको निर्णयले भविष्यमा पार्ने प्रभावबारे सोच्न सक्ने क्षमता आवश्यक हुन्छ । सफल मानिस समस्या आएपछि मात्र प्रतिक्रिया दिने होइन, समस्या आउनुअघि नै सम्भावित जोखिम पहिचान गर्ने प्रयास गर्छ ।



### ५. सम्बन्धको आधार प्रेम र सम्मान हो

रुक्मिणी र कृष्णको सम्बन्ध पनि प्रेम, विश्वास र साहससँग जोडिएको कथा हो । रुक्मिणीले आफ्नो इच्छा कृष्णलाई बताइन् र कृष्णले उनलाई आफ्नो जीवनसाथीका रूपमा स्वीकार गरे ।

यस कथाबाट पारिवारिक जीवनका लागि एउटा महत्वपूर्ण पाठ लिन सकिन्छ–सम्बन्धको आधार मात्रै सामाजिक सम्झौता होइन, प्रेम, विश्वास र सम्मान पनि हो ।

विवाहपछि परिवारमा मतभेद आउन सक्छ । दुई परिवारबीच विवाद पनि हुन सक्छ । तर त्यसको असर श्रीमान्-श्रीमतीको सम्बन्धमा पर्न दिनु हुँदैन । दाम्पत्य जीवनमा एकअर्काको सम्मान र विश्वास कायम राख्न सके पारिवारिक जीवन बलियो हुन्छ ।

### ६. शान्तिका लागि सम्झौता कमजोरी होइन

श्रीकृष्णको व्यक्तित्वको सबैभन्दा महत्वपूर्ण पक्षमध्ये एउटा शान्तिप्रतिको उनको दृष्टिकोण हो । कंसको वधपछि जरासन्धले मथुरामाथि पटक-पटक आक्रमण गरे । निरन्तर युद्धले जनजीवनमा असर पार्ने देखेपछि कृष्णले द्वारका जाने निर्णय गरे ।

त्यसैगरी महाभारतको युद्धअघि पनि कृष्णले कौरव र पाण्डवबीच युद्ध रोक्न शान्ति प्रयास गरे । शान्तिका लागि दूत बन्न तयार भए ।

यसले स्पष्ट सन्देश दिन्छ–शान्तिका लागि सम्झौता गर्नु सधैँ कमजोरी होइन । समाज र राष्ट्रलाई विनाशबाट बचाउन संवाद, समझदारी र सम्झौताको बाटो रोज्नु बुद्धिमानी हुन सक्छ ।

आज राजनीतिक तथा सामाजिक जीवनमा पनि मतभेदलाई शत्रुतामा बदल्नुको सट्टा संवादमार्फत समाधान खोज्न आवश्यक छ ।

### ७. महिलाको सम्मान र अधिकारको रक्षा गरौ

नरकासुरले बन्दी बनाएका महिलाहरूलाई मुक्त गरेको कथा कृष्णको सामाजिक न्यायसँग जोडिएको प्रसङ्ग हो । समाजले ती महिलालाई विभिन्न कारणले स्वीकार गर्न नचाहेको अवस्थामा कृष्णले उनीहरूलाई सम्मानजनक जीवनको अधिकार दिलाएको कथा धार्मिक ग्रन्थहरूमा पाइन्छ । यस प्रसङ्गको मूल सन्देश महिलाको सम्मान र सामाजिक कुरीतिविरुद्ध उभिनु हो ।

समाजले कुनै व्यक्तिमाथि अन्याय गरेको छ भने त्यसको विरोध गर्न सक्नुपर्छ । पीडितलाई दोष दिने होइन, अन्याय गर्ने प्रवृत्तिविरुद्ध उभिनुपर्छ । महिला हिंसा, शोषण,विभेदरअपमानविरुद्ध समाज संवेदनशील बन्न आवश्यक छ ।

### ८. कठिन परिस्थितिमा मन स्थिर राख्नुपर्छ

महाभारतको कुरुक्षेत्रमा कौरव र पाण्डव सेना आमनेसामने थिए । आफ्ना आफन्त र गुरुहरूलाई विपक्षी सेनामा देखेपछि अर्जुन मानसिक रूपमा विचलित भए । हातबाट धनुष खस्यो र उनी युद्धबाट पछि हट्न खोजे ।

त्यही क्षण कृष्णले अर्जुनलाई जीवन, कर्तव्य, आत्मा, कर्म र धर्मबारे उपदेश दिए । यही उपदेशलाई हामी श्रीमद्भगवद्गीताका रूपमा सम्झन्छौँ ।

यसको एउटा गहिरो सन्देश हो–कठिन परिस्थितिमा निर्णय क्षमता गुमाउनु हुँदैन । तनाव र दबाबमा मन स्थिर राख्न सक्ने मानिसले कठिन अवस्थामा पनि सही बाटो पहिल्याउन सक्छ ।

जीवनमा असफलता, संकट वा निराशा आउन सक्छ । तर त्यसबाट भाग्नु समाधान होइन । समस्याको वास्तविकता बुझेर कर्तव्यमा केन्द्रित हुनु नै सफलताको बाटो हो ।

### ९. मोहसंगै त्याग गर्न सक्ने क्षमता पनि चाहिन्छ

श्रीकृष्णको जीवनमा परिवार र समाजप्रतिको गहिरो सम्बन्ध थियो । तर यादववंशमा आन्तरिक द्वन्द्व बढ्दै गएपछि परिस्थितिले विनाशको रूप लियो । यस प्रसङ्गले एउटा कठिन जीवन-सत्यतर्फ संकेत गर्छ–प्रेम र मोहबीच फरक हुन्छ ।

परिवारलाई प्रेम गर्नु आवश्यक छ, तर गलत कामलाई मात्रै आफ्नो मान्छे भएकै कारण संरक्षण गर्नु हुँदैन । सम्बन्धभन्दा माथि सत्य र न्यायलाई राख्न सक्नुपर्छ ।

जीवनमा केही कुरा जति प्रिय हुन्छन्, त्यति नै आवश्यक पर्दा त्यसबाट अलग हुन सक्ने क्षमता पनि मानिसमा हुनुपर्छ । यही वैराग्य र विवेकले मानिसलाई सही निर्णय गर्न सक्षम बनाउँछ ।

### १०. शक्ति र सफलता पनि अस्थायी हुन्

श्रीकृष्णको जीवनको अन्तिम प्रसङ्गले मानिसलाई जीवनको सबैभन्दा ठूलो सत्य सम्झाउँछ । द्वारका र यादववंशको अन्त्यपछि वनमा विश्राम गरिरहेका कृष्णलाई एक शिकारीले टाढाबाट देखेर गल्तीवश तीर प्रहार गरेको कथा पाइन्छ । त्यसपछि कृष्णले देह त्याग गरे ।

यस प्रसङ्गको दार्शनिक अर्थ गहिरो छ–जति शक्तिशाली, महान् वा प्रभावशाली भए पनि शरीर नश्वर छ । संसारमा जन्म लिने हरेक व्यक्तिले एक दिन देह त्याग गर्नुपर्छ ।

त्यसैले अहंकार, धन, पद, शक्ति र प्रतिष्ठालाई जीवनको अन्तिम उपलब्धि ठान्नु हुँदैन । मानिसले आफूले पाएको समयलाई सार्थक बनाउने प्रयास गर्नुपर्छ ।

### कृष्णबाट सिक्न सकिने जीवनका केही सूत्र

श्रीकृष्णको जीवनदर्शनलाई संक्षेपमा हेर्दा अनेकौँ व्यवहारिक सूत्र प्राप्त हुन्छन् । विरोधी शक्तिशाली हुँदा परिस्थितिअनुसार रणनीति बनाउनुपर्छ । मित्रतामा धन-सम्पत्तिको भेद होइन, विश्वास र इमानदारीलाई प्राथमिकता दिनुपर्छ । अनुशासित जीवन जिउनुपर्छ र अनावश्यक चिन्तामा वर्तमान गुमाउनु हुँदैन ।

समस्या वा असफलतामा हिम्मत हार्नु हुँदैन । प्रत्येक परिस्थितिको सूक्ष्म मूल्याङ्कन गर्दै भविष्यको सम्भावनालाई पनि ध्यानमा राख्नुपर्छ । अरूको विचारको अन्धो अनुकरण गर्नुको सट्टा आफ्नै विवेक र सिद्धान्त निर्माण गर्नुपर्छ ।

कुनै पनि ठूलो कामअघि रणनीति आवश्यक हुन्छ । अनुभवबाट सिक्ने बानी बसाल्नुपर्छ, किनकि गल्ती र असफलताले पनि जीवनका महत्वपूर्ण पाठ सिकाउँछन् । साँचो मित्र त्यही हो, जो कठिन समयमा पनि साथ छाड्दैन । राम्रो काममा समय लगानी गर्नुपर्छ र अनावश्यक डर तथा चिन्ताले जीवनलाई नियन्त्रण गर्न दिनु हुँदैन ।

श्रीकृष्णलाई मात्रै धार्मिक आस्थाको प्रतीकका रूपमा सीमित गरेर हेर्दा उहाँको व्यक्तित्वको विशालता बुझ्न सकिँदैन । उहाँको जीवनमा संघर्ष छ, प्रेम छ, मित्रता छ, कूटनीति छ, युद्ध छ, शान्तिको प्रयास छ, कर्तव्य छ, त्याग छ र अन्ततः जीवनको नश्वरताको बोध पनि छ ।

यही कारण श्रीकृष्णको जीवन आज पनि प्रेरणाको स्रोत बनेको छ । बालबालिकालाई जिम्मेवारी सिकाउनेदेखि कठिन परिस्थितिमा धैर्य राख्नेसम्म, गलतको विरोध गर्नेदेखि महिलाको सम्मान गर्नेसम्म, भविष्यप्रति दूरदर्शी बन्नेदेखि आवश्यक पर्दा मोह त्याग्नेसम्म–उहाँका जीवन प्रसङ्गले अनेकौँ व्यवहारिक शिक्षा दिन्छन् ।

श्रीकृष्णको सबैभन्दा ठूलो प्रेरणा सायद यही हो–परिस्थिति जस्तोसुकै होस्, विवेक नछोड्नु, कर्तव्यबाट नभाग्नु र जीवनलाई अर्थपूर्ण बनाउने प्रयास गरिरहनु । संसार बदल्ने शक्ति मात्रै बाहिरी सामर्थ्यमा हुँदैन; सही समयमा सही निर्णय लिन सक्ने बुद्धि, धैर्य र दूरदृष्टिमा पनि हुन्छ ।

त्यसैले श्रीकृष्ण मात्रै एउटा धार्मिक पात्र होइनन्; उनी जीवनलाई बुझ्ने एउटा दृष्टिकोण पनि हुन् । संघर्षमा साहस, सम्बन्धमा प्रेम, निर्णयमा विवेक, राजनीतिमा कूटनीति, समाजमा न्याय, संकटमा धैर्य र जीवनमा त्याग–यी सबैलाई एकसाथ जोडेर हेर्दा श्रीकृष्ण वास्तवमै मानव जीवनका महान् प्रेरकका रूपमा उभिन्छन् ।

# किन हुन्छ बलात्कार ?



बिष्णु गिरी निश्चल

नेपालमा बलात्कारका घटना सम्बन्धी पछिल्लो उपलब्ध जानकारी हेर्दा, हालै निकै चर्चामा आएको घटना बाराको सिमरामा ३ वर्षीया बालिकाको बलात्कारपछि हत्या हो । त्यस्तै सुर्खेतको वीरेन्द्रनगरमा १६ वर्षीया किशोरीको बलात्कारपछि हत्या भएको छ । पछिल्ला पाँच आर्थिक वर्षमा हरेक वर्ष औसत २५० जना १० वर्षभन्दा कम उमेरका बालिका बलात्कारको घटनामा पीडित भएको नेपाल प्रहरीको तथ्यांकले देखाउँछ ।

पछिल्लो समय बैबाहिक बलात्कारका घटनाहरु पनि बढ्न थालेका छन् । बलात्कारका घटना बढेसँगै बेबाहिक बलात्कारका घटना समेत सार्वजनिक हुने क्रम बढदो छ । हिजो आज भने आधनुकिकरण सँगै नैतिक मूल्य, मान्यता र आदर्शमा ठूलो ह्रास आएको छ । कुनै व्यक्ति बलात्कार गर्न त्यस समय उत्तेजित हुन्छ, जब उसमा यौन उत्तेजना धेरै देखिन्छ, तर यौन उत्तेजना मेट्ने साधन प्राप्त हुदैन । वास्तवमा पुरुषले महिलालाई यौन सन्तुष्टिको साधन मानेका कारण नै बलत्कारको घटना हुने गर्छ । अहिले निर्माण भएका फिल्महरुले समेत यौन दुर्व्यवहारमा बढवा दिएको देखिन्छ । प्रायः हिन्दी फिल्म, नेपाली फिल्ममा यस्ता दृश्यहरु राखिएको छ । बलात्कृत महिलालाई शारीरिक, मानसिक तथा भावनात्मक रुपमा समेत चोट परेको हुन्छ । नेपाल जस्तो गरीब र अशिक्षित देशहरुमा बलात्कारका अधिकांश घटनाहरु प्रकाशमा नै आउदैनन् ।

अहिले बिद्यमान जबर्जस्ती करणीसम्बन्धी कानुनी व्यवस्थामा सुधारको खाँचो छ भनेर आवाज उठने गरेको छ । बलात्कारजस्तो गम्भीर अपराध नियन्त्रणका लागि बनेका अन्तर्राष्ट्रिय मापदण्डका आधारमा नेपालको कानुन अलि फितलो छ । प्रचलित कानुनले बलात्कारलाई बलात्कार मान्दैन बलात्कार जनाउन प्रयोग हुने कानुनी शब्द हो:जबर्जस्ती करणी । यसअधिको मुलुकी ऐनमा 'जबर्जस्ती करणीको महल' थियो । हाल प्रचलित मुलुकी अपराध संहितामा पनि ' जबर्जस्ती करणी' सम्बन्धी परिच्छेद छ । जबर्जस्ती करणी भन्नाले हिंसाको प्रयोगबाट करणी सम्पन्न भएकै हुनुपर्ने अनिवार्य हुनुपर्ने जस्तो देखिन्छ तर हिंसाबिना पनि बलात्कार हुन सक्छ यस तर्फ कानुन निर्माताहरुको ध्यान पुगेको देखिदैन ।

अपराध संहिताको दफा २१९ ले कसैले कुनै महिलालाई मञ्जुरी नलिई करणी गरे वा मञ्जुरी लिएर भए पनि १८ वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरे बलात्कार गरेको मान्छ । सोही दफाले मञ्जुरीबिना गुदद्वार वा मुखमा लिंग पसाए र लिंगबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराए पनि बलात्कार मान्छ । महिलालाई मात्रै बलात्कारको सम्भावित पीडित मान्ने हैन तेस्रो लिंगी, वयस्क पुरुष र बालक पनि बलात्कारको अपराधबाट पीडित हुन सक्छन यसलाई पनि कानुनले समेटन सकेको छैन । नेपालको कानुनले योनि, गुदद्वार र मुखमा लिंगको प्रवेशलाई बलात्कार मानेको छ । तर औंला वा शरीरका अन्य अंग र बाहिरी वस्तुलाई जबर्जस्ती गुदद्वारलगायतमा प्रवेश गराउने कार्यलाई बिश्वका अन्य देशमा बलात्कार मानिन्छ तर नेपालमा मानिएको छैन । तर सर्वोच्च अदालतले महिलाले महिलालाई बलात्कार गर्न सक्ने तथा कृत्रिम लिंगको प्रयोगबाट पनि बलात्कारको अपराध हुन सक्ने नजिर कायम गरेको छ तर कानुन नै चाहि बनेको छैन । अपराध संहिताले १८ वर्षभन्दा कम उमेरकी बालिकासँग सहमतिमै यौनसम्बन्ध राखे पनि बलात्कार मान्छ । करकाप,

> पुरुषले महिलालाई यौन सन्तुष्टिको साधन मानेका कारण नै बलत्कारको घटना हुने गर्छ । नेपालको कानुनले योनि, गुदद्वार र मुखमा लिंगको प्रवेशलाई बलात्कार मानेको छ । तर औंला वा शरीरका अन्य अंग र बाहिरी वस्तुलाई जबर्जस्ती गुदद्वारलगायतमा प्रवेश गराउने कार्यलाई बिश्वका अन्य देशमा बलात्कार मानिन्छ तर नेपालमा मानिएको छैन ।

अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा बन्धक बनाई लिएको वा होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई सहमति मान्दैन । सर्वोच्च अदालतले २०६५ मा आदेश जारी गर्नुअघिसम्म वैवाहिक बलात्कारलाई अपराध मानेको थिएन । आफ्नी श्रीमतीबाहेक अन्य महिलालाई जबर्जस्ती करणी गरे मात्रै अपराध मान्ने मुलुकी ऐनको व्यवस्थाले वैवाहिक सम्बन्धका आधारमा बलात्कार जस्तो जघन्य अपराधमा उन्मुक्ति दिन्थ्यो । तर सर्वोच्च अदालतले मुलुकी ऐनको त्यस्तो प्रावधानलाई संशोधन गर्न संसद्लाई निर्देशन दिएपछि अहिले वैवाहिक बलात्कार कसुर मानिने कानुन बनेको छ । तर यस्तो अपराधमा सजाय भने अन्य व्यक्तिलाई बलात्कार गर्दा हुनेभन्दा न्यून छ । संशोधित मुलुकी ऐनमा 'अदालतबाट दोषी ठहर भएपछि तीनदेखि पाँच वर्ष कैद हुने' व्यवस्था थियो । अपराध संहिताले यसलाई बदलेर ' पाँच वर्षसम्म' बनाएको छ । २०७२ सालसम्म बलात्कारको मुद्दा ३५ दिनभित्र अदालतमा चलाइसक्नुपर्ने व्यवस्था थियो । जसका कारण बलात्कारपीडितका धेरै मुद्दा अदालत पुग्नै सकेनन । तर २०७२ सालपछि मात्रै मुलुकी ऐन संशोधन गरेर हदम्याद ६ महिना पुऱ्याइदियो । २०७५ भदौ १ देखि लागू भएको अपराध संहितामा हदम्याद एक वर्ष पुऱ्याइएको छ । तर अपराध संहितामा हाडनाता करणीमा जहिलेसुकै उजुरी गर्न सकिने व्यवस्था छ ।

### के छ कानुनमा ?

मुलुकी अपराध संहिताको परिच्छेद १८ मा करणीसम्बन्धी कसूर र त्यसको दण्ड व्यवस्थाबारे उल्लेख गरिएको छ । जसको दफा २१९ मा जवरजस्ती करणी गर्न नहुने उल्लेख छ । त्यसरी कानुनले नगर्न भनिएको कुरा गरेमा कुन कुन अवस्थामा के कति दण्ड सजाय हुने भन्ने प्रष्ट गरिएको छ । दफा २१९ को उपदफा (२) मा कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछ, (क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद, (ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदखि बीस वर्षसम्म, (ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्षदेखि चौध वर्षसम्म, (घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म । (४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैबाहिक सम्बन्ध कायम रहेको अवस्थामा पतिले पत्नीलाई जवरजस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुनेछ ।

# ओपनएआईसम्बद्ध एआई एजेन्टले सार्वजनिक विकी प्रयोग गरेको खुलासा

एएफपी । ओपनएआईसँग सम्बन्धित मानिएका स्वायत्त कृत्रिम बुद्धिमत्ता (एआई) एजेन्टले आपसमा सञ्चार र सहकार्य गर्न जर्मन भाषाको सार्वजनिक विकी प्रयोग गरेको एक अध्ययनले देखाएको छ ।

एआई सुरक्षा संस्था नाइटिङ्गेल कलेक्टिभका चार अनुसन्धानकर्ताले गरेको अध्ययन शुक्रबार सार्वजनिक भएको हो । अध्ययनका क्रममा अनुसन्धानकर्ताले सार्वजनिक इन्टरनेटमा ओपनएआईका रूपमा पहिचान गराउने एआई एजेन्टका करिब १८ हजार सामग्री फेला पारेका थिए ।




अनुसन्धानकर्ताका अनुसार ती एजेन्टले तोकिएका कार्यका परिणाम आदानप्रदान गर्न, अनुसन्धानका नतिजा एकीकृत गर्न तथा आफ्नो सञ्चालन वातावरणमा लगाइएका प्रतिबन्ध छल्ने उपायबारे जानकारी साटासाट गर्न विकीको प्रयोग गरेका थिए ।

अधिकांश गतिविधि 'डीएसईविकी' नामक जर्मन भाषाको सार्वजनिक विकीमा भएको थियो । करिब २५ वर्षदेखि सञ्चालनमा रहेको उक्त विकी पछिल्ला वर्षमा कम प्रयोग हुँदै आएको थियो ।

अनुसन्धानकर्ताका अनुसार एजेन्टलाई इन्टरनेटबाट सूचना पढ्न सक्ने तर त्यसमा लेख्न नसक्ने गरी तयार गरिएको हुनुपर्ने थियो । तर उनीहरूले विकीमा सामग्री राख्ने उपाय पत्ता लगाएका थिए । यसमार्फत एक एजेन्टले प्राप्त गरेको जवाफ अर्को एजेन्टले प्रयोग गर्न सक्ने अवस्था बनेको अध्ययनमा उल्लेख छ ।

अनुसन्धानकर्ताले पहिलोपटक मे ११ मा एजेन्टले सार्वजनिक विकी सम्पादन गर्ने प्रयास गरेको देखेका थिए । मे २४ मा डीएसईविकीमा पहिलो सफल लेखन भएको थियो । जुन १६ देखि भने एजेन्टबीच ठूलो स्तरमा समन्वय सुरु भएको अध्ययनमा उल्लेख छ ।

एजेन्टले आफ्नो कामका आगामी चरण र त्यसका लागि आवश्यक जानकारीसमेत विकीमार्फत आदानप्रदान गर्ने गरेको पाइएको थियो । कुनै प्रश्नको सामना गरेको एजेन्टले त्यसको जवाफ विकीमा राख्ने र पछि उस्तै प्रश्न पाउने अन्य एजेन्टले त्यही सामग्री प्रयोग गर्ने गरेको अनुसन्धानकर्ताले बताएका छन् । अध्ययनमा एजेन्टले आफ्नो सञ्चालन वातावरणमा लगाइएको स्यान्डबक्स तथा सञ्जालसम्बन्धी प्रतिबन्ध छल्ने उपायबारे समेत छलफल र परीक्षण गरेको उल्लेख छ ।

मानव मध्यस्थकर्ताले केही सामग्री हटाउन थालेपछि केही एजेन्टले 'जेडजेडजेड' बाट सुरु हुने नाममा वैकल्पिक पृष्ठ बनाएका थिए ।

डीएसईविकीमा एजेन्टले गरेका करिब ९८ दशमलव पाँच प्रतिशत सम्पादन माइक्रोसफ्ट एज्योरका इन्टरनेट ठेगानाबाट भएको अनुसन्धानकर्ताले बताएका छन् । उनीहरूले ओपनएआईसँग सम्बन्धित ठेगानाबाट भएका भ्रमणसमेत अभिलेख गरेका थिए । धेरै एजेन्टले ओपनएआईसँग सम्बन्धित नाम प्रयोग गरेको पनि अध्ययनमा उल्लेख छ । यी प्रमाणका आधारमा अनुसन्धानकर्ताले ती एजेन्ट सम्भवतः ओपनएआईले आन्तरिक रूपमा सञ्चालन गरेका हुनसक्ने बताएका छन् । यद्यपि, उनीहरूले अध्ययन प्रारम्भिक चरणको रहेको र निष्कर्ष सार्वजनिक विकीमा एजेन्टले छाडेका सामग्रीमा मात्र आधारित रहेको स्पष्ट पारेका छन् ।

अनुसन्धानकर्तासँग ओपनएआईको आन्तरिक प्रणालीमा रहेका एजेन्टको सोच प्रक्रियासम्बन्धी तथ्याङ्कमा पहुँच थिएन । त्यसैले एजेन्टको वास्तविक उद्देश्य र रणनीतिबारे केही प्रश्न अझै अनुत्तरित रहेको उनीहरूको भनाइ छ । उक्त गतिविधि एआईको प्रशिक्षणका क्रममा भएको हो वा परीक्षणका क्रममा भन्ने कुरा पनि स्पष्ट हुन सकेको छैन ।

ओपनएआईका एक प्रवक्ताले प्रतिवेदन प्रकाशनअघि कम्पनीलाई त्यसको समीक्षा गर्ने अवसर नदिइएकाले अध्ययनका दाबी वा निष्कर्षबारे तत्काल अर्थपूर्ण प्रतिक्रिया दिन नसकिने बताउनुभएको छ ।

उहाँका अनुसार प्रतिवेदन सार्वजनिक भएपछि कम्पनीले त्यसको सावधानीपूर्वक समीक्षा गर्नेछ र आवश्यक कदम चाल्नेछ ।

ओपनएआईले विकीसम्बन्धी गतिविधि जुलाईमा हगिङ फेससँग सम्बन्धित छुट्टै घटनासँग सम्बन्धित नरहेको जनाएको छ । त्यसैले उक्त गतिविधिलाई हगिङ फेससम्बन्धी प्रतिवेदनमा समावेश नगरिएको कम्पनीको भनाइ छ ।

# सृजनालाई पारा ग्रान्ड प्रिक्समा ऐतिहासिक स्वर्ण



टुडे समाचारदाता

काठमाण्डु । नेपाली मुलकी अस्ट्रेलियाली पारा तेक्वान्दो खेलाडी सृजना घिसिङले २०२६ वर्ल्ड तेक्वान्दो पारा ग्रान्ड प्रिक्समा ऐतिहासिक स्वर्ण पदक जित्न सफल भएकी छन् ।

दक्षिण कोरियाको मुजुमा सृजनाले के ४४ को ४७ केजीमुनिको स्पर्धामा पाएको यो सफलता नेपाली तथा अस्ट्रेलियन तेक्वान्दोको लागि गर्वको क्षण रहेको छ ।

सृजनाले प्रतियोगिताभर असाधारण प्रदर्शन गर्दै विश्व वरीयताका शीर्ष खेलाडीहरूलाई पराजित गर्दै यो ऐतिहासिक स्वर्ण पदक जितेकी हुन् । उनले राउन्ड अफ १६ बाट फाइनलसम्मै आफ्नो प्रतिद्धन्द्वीलाई समान २-० ले पराजित गरिन् ।

स्वर्ण यात्राका क्रममा सृजनाले क्रमशः विश्व वरीयतामा ११औँ, पहिलो, छैटौँ र दोस्रो स्थानमा रहेका खेलाडीलाई पराजित गरिन् । चारमध्ये दुई खेलाडीले सन् २०२४ मा भएको पारालिम्पिकमा कास्य विजेता खेलाडी हुन् ।

राउन्ड अफ १६ मा सृजनाले विश्व वरीयतामा ११औँ स्थानमा रहेकी उज्बेकिस्तानकी किज्लारखोन इसोमिदिनोभामाथि २-० को सहज जित निकाल्दै क्वाटरफाइनलमा प्रवेश गरेकी थिइन् ।

यससँगै उनले गत अप्रिलमा भएको १३औं टर्किए ओपनमा भएको फाइनलमा भोगेको हारको बदला लिन सफल भएको छ । त्यसबेला सृजना ४-२ को अन्तरमा पराजित भएकी थिइन् ।

क्वाटरफाइनलमा सृजनाले प्रभावशाली प्रदर्शन गर्दै विश्व वरीयताको शीर्ष स्थानमा रहेकी मेक्सिकोकी क्लाउडिया रोमेरोमाथि पनि २-० अंकको आधारमा सानदार जित निकालेपछि स्वर्ण यात्रा मजबुत बनेको थियो । दवावपुर्ण खेलमा उनले आफ्नो लयलाई कायम राख्दै सानदार जित निकाल्न सफल भइन् ।

सेमिफाइनलमा सृजनाले विश्व वरीयतामा छैटौँ स्थानमा रहेकी फ्रान्सकी जाकिया खुदादादीविरुद्ध पनि उत्कृष्ट प्रदर्शनका साथ २-० ले पराजित गर्दै फाइनलमा प्रवेश गरिन् । जाकिया सन् २०२४ को पारालिम्पिकमा कांस्य पदक विजेता हुन् ।

स्वर्ण पदकका लागि भएको प्रतिस्पर्धामा सृजनाले विश्व वरीयतामा दोस्रो स्थानमा रहेकी थाइल्यान्डकी फुआङकिचा ख्वानसुदालाई पनि २-० को माथि दिइन् । उनी पनि सन् २०२४ पारालिम्पिक कांस्य पदक विजेता हुन् ।

फाइनलमा समेत सृजनाले आफ्नो उत्कृष्ट लयलाई निरन्तरता दिँदै निर्णायक खेलमा आत्मविश्वासपूर्ण प्रदर्शन गर्दै ऐतिहासिक स्वर्ण जित्न सफल भइन् ।

सृजनाको यो स्वर्ण वर्ल्ड तेक्वान्दो पारा ग्रान्ड प्रिक्समा अष्ट्रेलियाले जितेको पहिलो स्वर्णपदक हो । उनको उपलब्धिले अष्ट्रेलियाली पारा तेक्वान्दोको इतिहासमा महत्वपूर्ण अध्याय थपेको छ ।

विश्व वरीयताका शीर्ष खेलाडीहरूलाई पराजित गर्दै हासिल गरेको यो सफलताले सृजनालाई आफ्नो विधामा विश्वकै उत्कृष्ट खेलाडीहरूको सूचीमा राखेको छ ।

विशेषगरी विश्व नम्बर १ र नम्बर २ सहित चार शीर्ष खेलाडीलाई हराएर स्वर्ण जित्नु सृजनाको प्रदर्शनको स्तर र निरन्तरताको मिहेनतको परिणामको रुपमा लिइएको छ ।

सृजनाको ऐतिहासिक सफलताले अष्ट्रेलियाली पारा तेक्वान्दोमा नयाँ सम्भावनाको ढोका खोल्नुका साथै नेपाली मूलका खेलाडीले विश्व खेलकुद मञ्चमा पुर्याएको योगदानलाई समेत उजागर गरेको छ ।

पछिल्लो पटक सृजनाले गत अगस्टमा एसियन पारा प्रेसिडेन्ट्स कपमा रजत पदक जितेकी थिइन् । करिव तीन वर्षअघि अस्ट्रेलिया आएकी सृजनाले गत जुनमा मात्रै अस्ट्रेलियाको नागरिकता प्राप्त गरेकी थिइन् । उनले गत अप्रिलमा भएको टर्किए कपमा रजत पदक जितेकी थिइन् ।

सृजनाले नेपाली पारा तेक्वान्दोमा पनि आफ्नो छवि उच्च पारेकी थिइन् । नेपाली पारा तेक्वान्दोकी ऐतिहासिक स्वर्ण पदक विजेता सृर्जनाले सन् २०२१ को 'एसियन युथ पारा गेम्स' मा रजत, सन् २०२२ को 'वर्ल्ड तेक्वान्दो प्रेसिडेन्ट्स कप' मा रजत र 'इरान ओपन' मा कास्य पदक जितेकी थिइन् ।

उनले सन् २०२२ मा साउदी अरेबियामा भएको ' वर्ल्ड पारा तेक्वान्दो ग्राण्ड प्रिक्स' को फाइनलमा विश्व नम्बर १ टर्किएकी मेर्येम बेटुल चाभदारलाई १२-० को विशाल अन्तरले हराउँदै ऐतिहासिक स्वर्ण पदक चुमेकी थिइन् ।

यस्तै उनले सन् २०२५ को अगस्टमा सम्पन्न 'जी-२ अष्ट्रेलियन ओपन' के४४ (५२ केजी मुनि) र 'जी-३ विश्व तेक्वान्दो प्रेसिडेन्ट्स कप ओसियाना' के४४ (४७ केजी मुनि) दुवैमा स्वर्ण पदक जित्न सफल भइन् ।

# बंगलादेशमा ऊर्जा सङ्कटविरुद्ध विपक्षीको विरोध र्‍याली



एएफपी । खाना पकाउने ग्यास, विद्युत् र मलको अभावलाई लिएर बङ्गलादेशमा शनिबार हजारौँ विपक्षी समर्थकले सरकारविरुद्ध विरोध र्‍याली निकालेका छन् ।

प्रधानमन्त्री तारिक रहमानको नेतृत्वमा सरकार गठन भएको छ महिनापछि भएको यो सडक प्रदर्शन सरकारविरुद्धको पहिलो ठूलो विरोध कार्यक्रम भएको बताइएको छ ।

विपक्षी समर्थकहरू ब्यानर र प्लेकार्डसहित ढाकाको एक सार्वजनिक स्थलमा भेला भएका थिए । उनीहरूले बन्दरगाह सहर चट्टोग्रामतर्फ पदयात्रा सुरु गरेका छन् । पदयात्राका क्रममा विभिन्न स्थानमा थप र्‍याली आयोजना गरिने जनाइएको छ ।

विपक्षी नेता शफिकुर रहमानले आन्दोलन खाना पकाउने ग्यासको नियमित आपूर्ति र प्रत्येक घरमा विद्युत् सेवा सुनिश्चित गर्न केन्द्रित रहेको बताउनुभयो । "यो आन्दोलन खाना पकाउने ग्यासको सुनिश्चितता गर्न र हरेक घरमा बिजुली पुर्‍याउन केन्द्रित छ", उहाँले समर्थकलाई सम्बोधन गर्दै भन्नुभयो ।

मध्यपूर्वमा जारी युद्धलगायतका कारण बङ्गलादेशमा इन्धन तथा अन्य अत्यावश्यक वस्तुको अभाव बढेको बताइएको छ । सङ्कट व्यवस्थापनमा सरकारको भूमिकालाई लिएर पनि आलोचना भइरहेको छ ।

उच्च विद्युत् महसुलप्रति असन्तुष्टि जनाउँदै वरिष्ठ सरकारी अधिकारीलाई अपमान गरेको आरोपमा एक कलेज विद्यार्थी पक्राउ परेको भोलिपल्ट विपक्षीले प्रदर्शन गरेको हो । आलोचकहरूले उक्त पक्राउलाई सरकारको आलोचना र असहमतिप्रति बढ्दो असहिष्णुताको सङ्केतका रूपमा व्याख्या गरेका छन् ।

विपक्षी नेसनल सिटिजन पार्टीका नेता अख्तर हुसेनले सरकार ग्यास, विद्युत् र मलको आपूर्ति व्यवस्थापनमा असफल भएको आरोप लगाउनुभयो ।

"तपाईंहरू ग्यास, बिजुली र मल आपूर्ति गर्न असफल हुनुभएको छ र मानिसहरूलाई बोल्नसमेत दिइरहनुभएको छैन", उहाँले भन्नुभयो । उहाँले सरकारलाई आफ्ना नीतिका कारण गम्भीर परिणाम भोग्नुपर्ने चेतावनीसमेत दिनुभयो ।

# लाइबेरियामा खोप अनुसन्धानका चिम्पान्जीको स्वास्थ्य जाँच

एएफपी । 'हेपाटाइटिस बी' खोपको परीक्षणमा प्रयोग गरिएका चिम्पान्जी संरक्षण केन्द्रमा रहेका चिम्पान्जीहरूको स्वास्थ्य परीक्षण गरिएको छ ।

मध्य लाइबेरियास्थित 'सेकेन्ड चान्स चिम्पान्जी रिफ्युज' मा रहेका चिम्पान्जीको दाँत सफा गर्ने, एक्स-रे गर्ने, नङ काट्नेलगायत स्वास्थ्य परीक्षण गरिएको केन्द्रकी निर्देशक लिलियाना पाचेको रिकोटेले बताउनुभयो ।



उहाँका अनुसार सन् १९७० को दशकदेखि २००० को दशकको सुरुसम्म अमेरिकी अनुसन्धानकर्ताले लाइबेरियामा हेपाटाइटिस बी खोप परीक्षणका लागि ४०० भन्दा बढी चिम्पान्जी प्रयोग गरेका थिए । तीमध्ये धेरैलाई सानै उमेरमा जङ्गलबाट समातिएको थियो ।

पश्चिम अफ्रिकामा गिनीपछि सबैभन्दा धेरै चिम्पान्जी लाइबेरियामा पाइन्छन् । सङ्ख्यामा आएको तीव्र गिरावटका कारण पश्चिम अफ्रिकी चिम्पान्जीलाई अत्यन्त सङ्कटापन्न प्रजातिका रूपमा वर्गीकरण गरिएको छ ।

रिकोटेका अनुसार ती चिम्पान्जीलाई शरीरभित्रै हस्तक्षेप हुने खालका अनुसन्धानमा प्रयोग गरिएको थियो र उनीहरूले लामो समयसम्म विभिन्न परीक्षण तथा पीडा सहनुपरेको थियो ।

'ह्युमेन वर्ल्ड फर एनिमल्स' का अनुसार सन् २०१५ मा अनुसन्धान कार्यक्रम समाप्त हुँदा बाँकी रहेका ६० चिम्पान्जीको स्थायी हेरचाहको जिम्मेवारी संस्थाले लिएको थियो । हाल ती चिम्पान्जी म्यान्ग्रोभ वनले ढाकिएका टापुहरूको समूहमा रहेको संरक्षण केन्द्रमा बस्दै आएका छन् ।

एनेस्थेसिया दिएर गरिएको स्वास्थ्य परीक्षणमा चिम्पान्जीको टाउकोदेखि खुट्टासम्म परीक्षण गरिएको थियो । संस्थाका अनुसार परीक्षणको उद्देश्य दीर्घकालीन स्वास्थ्य अवस्था मूल्याङ्कन गर्नु, रोगका प्रारम्भिक लक्षण पहिचान गर्नु र उमेर बढ्दै जाँदा प्रत्येक चिम्पान्जीका लागि आवश्यक हेरचाह योजना तयार गर्नु हो ।

परीक्षणमा दाँत, मुटु, फोक्सो, स्नायु प्रणाली र रगतको जाँच गरिएको थियो । उनीहरूलाई बुस्टर खोप दिइनुका साथै नङसमेत काटिएको संस्थाले जनाएको छ । बाँकी चिम्पान्जीको पनि स्वास्थ्य परीक्षण गर्ने योजना रहेको छ ।

संरक्षण केन्द्रकी पशु चिकित्सक बेलेन पेरेज हर्नान्डोले लामो समयसम्म पीडा र कठिनाइ भोगेका चिम्पान्जीको स्वास्थ्य जाँच उनीहरूको हेरचाहको महत्वपूर्ण हिस्सा भएको बताउनुभयो ।

हाल ती चिम्पान्जीको औसत उमेर ३० देखि ३५ वर्ष रहेको छ । विगतमा गरिएको अनुसन्धानले उनीहरूको स्वास्थ्यमा पारेको दीर्घकालीन प्रभावबारे परीक्षणको विस्तृत नतिजा आउन बाँकी रहेको बताइएको छ ।

रिकोटेका अनुसार अनुसन्धानका क्रममा भोग्नुपरेको पीडाको प्रभाव अझै देख्न सकिन्छ । उहाँले ती चिम्पान्जीलाई सम्मानजनक जीवन जिउने दोस्रो अवसर प्रदान गर्न पाउँदा आफू खुसी भएको बताउनुभयो ।

# यमन झडपमा ६० भन्दा बढीको मृत्यु

एएफपी । यमनका साउदी-अरब समर्थित सरकारी सेना र हुथी विद्रोहीहरूबीच शनिबार भएको लडाईंमा ६० भन्दा बढी व्यक्तिहरूको मृत्यु भएको चिकित्सकीय र सैन्य स्रोतहरूले बताएका छन् ।

झडपमा मृत्यु हुनेमा सर्वसाधारणसहित सेना र हुथी लडाकू रहेका बताइएको छ ।

रेड सीको प्रवेशद्वारको नियन्त्रणका लागि यमनको दक्षिण-पश्चिममा भएको यो नवीनतम झडप शुक्रबारको वर्षौंमध्ये सबैभन्दा घातक लडाईं पछि आएको हो । सन् २०२२ को जुलाईमा भएको युद्धविराम भङ्ग भएपछि यमनमा पछिल्ला केही महिना यता यस्तो स्थिति बनेको हो ।



तीन यमनी सैन्य स्रोतका अनुसार देशको दक्षिण-पश्चिममा केही घण्टाको लडाईंमा २६ सरकारी सैनिक मारिएका छन् भने इरान-समर्थित हुथीहरूका चिकित्सकीय र सैन्य स्रोतले ३१ विद्रोही लडाकू मारिएको बताएका छन् ।

सरकार नियन्त्रित ताइज सहरको एक चिकित्सकीय स्रोतले मिसाइल आक्रमणमा बसबाट यात्रा गर्दै गरेका छ नागरिक मारिएको र सात अन्य व्यक्ति घाइते भएको बताएको छ । एक सरकारी अधिकारीले ताइज र एडेनस्थित यमनको अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारको केन्द्रबीच यात्रा गर्दै गरेको बसमाथिको आक्रमणको दोष हुथीहरूमाथि लगाएका छन् ।

ताइजमा एक सैन्य अधिकारीले बताए अनुसार हुथीहरूले एक दिनअघि सहर नजिकका प्रवेशस्थलहरू कब्जा गरेपछि भएको झडप 'आउने केही समय हुने देखिएको' छ ।

अधिकारीले हुथी आक्रमणको जवाफमा एडेनबाट सहयोग थप भई आइरहेको र हुथीको यस आक्रमणको उद्देश्य सरकारी नियन्त्रित मोखा बन्दरगाह सहरलाई छुट्ट्याउनु रहेको र बाब अल-मन्डब जलडमरूको सीमानातिर अघि बढ्नु हो, जसमा हप्तौंदेखि गोलीबारी भइरहेको छ ।

एएफपीले विभिन्न स्रोतबाट संकलन गरेको गणनाअनुसार शुक्रबारको लडाईंमा १२९ जनाको मृत्यु भएको थियो ।

इरानले हर्मुज जलमार्ग व्यावसायिक जहाजका लागि बन्द गरेसँगै विश्वको सबैभन्दा ठूलो कच्चा तेल निर्यातकर्ता साउदी अरब बाब अल-मन्डब चेकपोइन्टको तेलको पारवहन मार्गको रूपमा महत्त्वपूर्ण बनेको छ ।

शनिबार एक सैन्य अधिकारीले एएफपीलाई बताएअनुसार एडेनस्थित सरकारको प्रमुख समर्थक साउदी अरबले ताइजमा हालै हुथीहरूले कब्जा गरेका स्थानहरूमाथि तीन हवाई आक्रमण गरेको छ ।

विद्रोहीहरूले राजधानी सानाका लागि इरानी विमान स्वागत गरेपछि र जुलाईमा हुथी विद्रोही र यमन सरकारबीच भएको युद्धविराम उल्लङ्घन भएपछि आक्रमणको शृङ्खला सुरु भएको थियो ।

इरान-समर्थित हुथीहरू र अमेरिका सहयोगी साउदी अरबद्वारा समर्थित सरकारी सेनाबीचको यो लडाईंले फराकिलो मध्यपूर्वी युद्धको नयाँ युद्ध मोर्चाको उदयलाई सङ्केत गर्छ ।

फेब्रुअरीको अन्त्यमा अमेरिका र इजरायलले इरानमा गरेको संयुक्त आक्रमणपछि इरानले मध्यपूर्वमा रहेका अमेरिकी सैन्य आधार शिविरलाई लक्षित गरी आक्रमण गर्दै आएको छ भने इरानका धेरै क्षेत्रमा अमेरिकी आक्रमणको प्रभाव परेको छ । इरानमाथि भएको अमेरिकी आक्रमणपछि यस क्षेत्रमा इरान निकट समूहहरू सक्रिय भएका छन् ।

इरानको समर्थनमा हुथीहरूले साउदी अरबको समुद्री नाकाबन्दी पनि घोषणा गरेका छन् र त्यसका जहाज तथा क्षेत्रमाथि आक्रमण सुरु गरेका छन् ।

# ताप्लेजुङ गोल्डकपको उपाधि सलहेशलाई



ताप्लेजुङ । अन्तरराष्ट्रिय आमन्त्रण चौथो ताप्लेजुङ गोल्डकपको उपाधि साविक विजेता सलहेश युवा क्लबले जितेको पारेको छ । शुक्रबार भएको फाइनल खेलमा फिदिम स्पोर्टिङ क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै सहलेशले उपाधि हात पारेको हो ।

सलहेशका खेलाडी फागुराम थारुले दोस्रो हाफमा गरेको गोल नै उपाधिका लागि निर्णायक बन्यो । सलहेश युवा क्लबले भा रतको जर्जियन युनाइटेडलाई २-१ गोल अन्तरले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो । यता झापा-११ लाई १-० गोल अन्तरले पराजित गर्दै फिदिम स्पोर्टिङ क्लब फाइनलमा प्रवेश गरेको थियो ।

लाखेजात्रा सञ्चालन समितिले आयोजना गरेको प्रतियोगितामा भारतको सहित आठ समूहको सहभागिता थियो । विजेता सलहेशले रु सात लाख दुई हजार ८३ तथा उपविजेता फिदिमले रु तीन लाख ५२ हजार ८३ नगद पुरस्कारसहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई विभिन्न विधागत पुरस्कारसमेत प्रदान गरिएको छ । रासस

# निजी क्षेत्रको लगानीमार्फत सुदूरपश्चिमलाई समृद्ध बनाउनुपर्छ : मुख्यमन्त्री भट्ट



सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले प्रदेश सरकारको स्पष्ट नीति र निजी क्षेत्रको लगानीमार्फत सुदूरपश्चिमलाई समृद्ध प्रदेशका रूपमा विकास गर्नुपर्ने बताउनुभएको छ ।

शनिबार यहाँ आयोजित निजी क्षेत्र र प्रदेश सरकारबीच बजेटसम्बन्धी अन्तरक्रिया कार्यक्रममा उहाँले औद्योगिक क्षेत्रको विकास र रोजगारी सिर्जनालाई प्रदेश सरकारले आगामी बजेटमा प्राथमिकतासाथ सम्बोधन गर्ने बताउनुभएको हो ।

मुख्यमन्त्री भट्टले प्रदेशको 'रातो किताब' रकम वितरण गर्ने पुलिन्दा नभई प्रदेशको समृद्धिको मार्गचित्र बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो । "बजेटले प्रदेशको आवश्यकता, सम्भावटना र जनताको अपेक्षालाई सम्बोधन गर्न सक्नुपर्छ । त्यसका लागि यसपटकको बजेटमा हाम्रो प्रयास रहन्छ", उहाँले भन्नुभयो ।

मुख्यमन्त्री भट्टले सुशासनमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै प्रदेशमा रहेका बेथिति र अनियमितता नियन्त्रण गर्न सरकार निर्मम भएर अघि बढ्ने बताउनुभयो । बेथितिका विषयमा कुनै पनि सम्झौता नगर्ने स्पष्ट गर्दै उहाँले सुदूरपश्चिमको विकास र रूपान्तरणका लागि पनि सबै पक्ष गम्भीर भएर एकताबद्ध रूपमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

निजी क्षेत्रले भोग्दै आएका समस्या समाधानका लागि प्रदेश सरकारले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री भट्टले प्रदेशको आर्थिक विकास र समृद्धिमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो । प्रदेश निर्माणको अभियानमा सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो ।

अन्तरक्रियामा निजी क्षेत्रका व्यवसायीले सुदूरपश्चिममा रहेका सम्भावना तथा आफूहरूले भोग्दै आएका समस्या र चुनौतीबारे धारणा राख्नुभएको थियो । उहाँहरूले कृषि, उद्योग तथा पर्यटन क्षेत्रको विकासका लागि प्रदेश सरकारले नीतिगत सहजीकरण गर्दै लगानीमैत्री वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

सो अवसरमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावल, आर्थिक मामिलामन्त्री चक्रबहादुर मल्ल, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष गोकर्णप्रकाश भट्टलगायतको सहभागिता थियो । रासस

## भोटेकोशी बाढीः

# कर्तव्य पालनाका सिलसिलामा मृत्यु भएका सशस्त्र प्रहरीका परिवारलाई २५ लाख राहत

काठमाण्डु । सशस्त्र प्रहरी बल नेपालले कर्तव्य पालनाका सिलसिलामा भोटेकोशी बाढीबा परी मृत्यु भएका सशस्त्र प्रहरीका परिवारलाई रु २५ लाख राहत उपलब्ध गराउने भएको छ ।

सशस्त्र प्रहरीले मृतकका आश्रित परिवारलाई राष्ट्रसेवकका तर्फबाट तत्काल रु १५ लाख र 'सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा निजको हकवाला/आश्रित परिवारलाई उपलब्ध गराउने राहतसम्बन्धी कार्यविधि,२०७९' बमोजिम रु पाँच लाख तथा 'सशस्त्र प्रहरी बल, नेपाल विपद् प्रकोप राहत कोष सञ्चालनसम्बन्धी मापदण्ड, २०८१' बमोजिम रु पाँच लाखसमेत गरी कुल २५ लाख रकम तत्काल उपलब्ध गराउने निर्णय गरेको हो ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलको अध्यक्षतामा बसेको परामर्श समितिको बैठकले मृतक कर्मचारीले कल्याण कोषबाट ऋण लिइ भुक्तानी गर्न बाँकी सम्पूर्ण रकम मिनाहा गर्ने र निजका सन्ततिलाई पायकपर्ने नेपाल एपिएफ स्कुलमा कक्षा १० सम्मको अध्ययनका लागि शैक्षिक शुल्क छुट गर्ने निर्णय गरेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी



दिनुभयो । सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारका सदस्य भोटेकोशी बाढीका कारण मृत्यु भएमा राहतस्वरूप प्रतिव्यक्ति रु एक लाख तत्काल उपलब्ध गराउने तथा बाढीबाट मृत्यु भएका सशस्त्र प्रहरीको स्मृतिमा स्मारकसमेत निर्माण गर्ने भएको छ ।

बाढीमा परी सशस्त्र प्रहरीका १३ जना सम्पर्कविहीन भएका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । सो बाढीमा परी ज्यान जोगाउन सफल पाँच जना सशस्त्र प्रहरीलाई राहतस्वरूप जनही रु ५० हजार प्रोत्साहन रकम उपलब्ध गराउने सशस्त्रको निर्णय छ ।


बाढीबाट अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा रु एक लाख, घरवारविहीन भएमा एक लाख र आंशिक रूपमा भौतिक संरचनाको क्षति भएको तथा घाइतेलाई रु ५० हजारसम्म तत्काल उपलब्ध गराइने सहप्रवक्ता थापाले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा महानिरीक्षकदेखि जवानसम्मका तर्फबाट रु १५ करोड ५० लाख रकम जम्मा गर्ने निर्णय गरेको छ । टिमुरेस्थित बोर्डर आउट पोष्ट र सुरक्षा बेस मैलुङमा कार्यरत रही बाढीमा ज्यान जोगाउन सफल भएका सशस्त्र प्रहरीको हकमा भने रकम कट्टा नगरिने उहाँले जानकारी दिनुभयो । रासस

# प्रधानमन्त्री राहत कोषमा ११ अर्बभन्दा बढी संकलन

काठमाण्डु । रसुवाका बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढ्दै गएको छ । नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हाल रु ११ अर्ब पाँच करोड ५६ लाख २६ हजार ९७१ मौज्दात रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

सरकारले यसअघि उक्त कोषमा जम्मा भएको रु एक अर्ब बाढीप्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ । नौ वटा वाणिज्य बैंकमा रु




आठ अर्ब छ करोड २५ लाख १५ हजार ५१८ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको डलर खातामा थप एक करोड ९८ लाख ३७ हजार ६९५ अमेरिकी डलर जम्मा भएको कार्यालयले जनाएको छ । रासस

# बाढीपीडितलाई आर्थिक सहयोग जुट्ने क्रम जारी

कास्की ।पोखरा महानगरपालिका-७ मासबारस्थित मदरल्याण्ड सेकेण्डरी स्कुलका विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालयले भोटेकोशी बाढी प्रभावितका लागि रु आठ लाख १५ हजार ५५५ सहयोग गरेका छन् । बाढीपीडितको उद्धार तथा राहतका लागि 'काइन्डनेस क्लब मदरल्याण्ड'को सक्रियतामा उक्त रकम सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको विद्यालयका प्राचार्य डा नारायण बरालले जानकारी दिनुभयो ।

सामाजिक उत्तरदायित्वअन्तर्गत विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम सङ्कलन गरिएको उहाँले बताउनुभयो । बरालले भन्नुभयो, "प्राकृतिक विपत्तिको यस कठिन घडीमा प्रभावित नागरिकको उद्धार तथा राहतका लागि आफ्नो ठाउँबाट सहयोग गर्नु सबैको सामाजिक दायित्व हो । विद्यार्थी, शिक्षक, कर्मचारी र विद्यालय परिवारको सानो प्रयासले पनि पीडितलाई केही राहत पुग्ने विश्वासका साथ हामीले यो सहयोग रकम जुटाएर जम्मा गरेका छौँ ।"



**मष्टा गाउँपालिकाद्वारा २२ लाखभन्दा बढी सहयोग**

बभाङको मष्टा गाउँपालिकाले बाढी तथा प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार, उपचार, राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु २२ लाख ४६ हजार १७९ जम्मा गरेको छ ।

विपद्का कारण भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावित परिवारलाई सहयोग गर्ने उद्देश्यले उक्त रकम कोषमा सहयोग गरेको गाउँपालिका अध्यक्ष ज्ञानबहादुर बोहराले जानकारी दिनुभयो । गाउँपालिकाको निर्णयअनुसार जनप्रतिनिधि, कर्मचारी, विद्यालयका शिक्षक तथा कर्मचारी र गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रकम सहयोग गरिएको हो ।

**तनहुँका निर्माण व्यवसायी संघद्वारा एक लाख सहयोग**

निर्माण व्यवसायी सङ्घ तनहुँले रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीबाट प्रभावित पीडितहरूको राहत तथा उद्धारका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक लाख एक हजार सहयोग गरेको छ ।

राष्ट्रिय विपद्को कठिन घडीमा पीडितको पीडामा साथ दिने सामाजिक उत्तरदायित्वस्वरूप सहयोग रकम प्रदान गरिएको सङ्घका कोषाध्यक्ष सुरेश घिमिरेले जानकारी दिनुभयो ।

**खुत्रुकेको रकम बाढीपीडितलाई**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुनर्स्थापना का लागि तनहुँकी एक बालिकाले अनुकरणीय सहयोग गरेकी छन् । व्यास नगरपालिका-१२, छाब्दीस्थित छाब्दी बाराही आधार भूत विद्यालयमा कक्षा ५ मा अध्ययनरत छात्रा कृति आलेले आफ्नो खुत्रुकेमा जम्मा भएको रु १० हजार ७०० बाढीपीडितको सहयोगका लागि प्रदान गरेकी छिन् ।

कृतिको यो सहयोग रकमका हिसाबले सानो देखिएपनि भावना र मानवीय संवेदनाका दृष्टिले निकै ठूलो रहेको विद्यालयले जनाएको छ । आफ्नो खुत्रुके फुटाएर विपद्मा परेका परिवारको दुःखमा साथ दिने उनको कदमले बालबालिकामा समेत सामाजिक उत्तरदायित्व र मानवीय भावनाको उदाहरण प्रस्तुत गरेको विद्यालयका प्रधानाध्यापक गोमबहादुर रानाले बताउनुभयो ।

**आर्थिक सहयोग जुटाउँदै स्थानीय तह**

आज पर्साका स्थानीय तह, विभिन्न सामाजिक सङ्घसंस्था, व्यवसायी तथा समाजसेवीले भोटेकोशी बाढीपीडितलाई आर्थिक सहयोग गरेका छन् । बाढीपीडितको खोज, उद्धार तथा राहतका लागि यहाँका स्थानीय तहका साथै सामाजिक सङ्घसंस्थाले रकम सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा उपलब्ध गराउँदै आएका हुन् ।

वीरगञ्जका सुनचाँदी व्यवसायी नीरज सर्राफ, साउथ जोन माध्यमिक विद्यालयले आर्थिक सहयोग गरेका छन् भने जेनजी पर्साको टोलीले रसुवा र नुवाकोटका बाढी प्रभावित क्षेत्रमा पुगेर पीडित परिवारलाई राहत सामग्री वितरण गरेको छ । नेपाल पुलिस स्कुल शान्तिपुरमा अध्ययनरत विद्यार्थीहरूले आफ्नो खाजा खर्च कटाएर सङ्कलन गरेको रकम भोटेकोशी बाढी प्रभावितका लागि सहयोग गरेका छन् । रासस

## भोटेकोशी बाढीः

# रसुवामा ४१ किलोमिटर सडक र आठ जलविद्युत् आयोजनामा पूर्ण क्षति



रसुवा । भोटेकाशी बाढीले जिल्लाका निजी तथा सार्वजनिक सम्पत्तिमा ठूलो क्षति पुऱ्याएको छ । जिल्ला प्रशासन कार्यालयले यही १० गतेको बाढीले पुऱ्याएको क्षतिसम्बन्धी प्रारम्भिक विवरण सार्वजनिक गरेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार बाढीबाट २८ वटा सरकारी र सार्वजनिक भवन, आठ सामुदायिक र तीन निजी विद्यालय, १४ वटा बैंक तथा वित्तीय संस्था, एउटा पेट्रोल पम्प र एक हजार ५०० वटा निजी घरमा क्षति पुगेको छ ।

बाढीले जिल्लामा ४१ किलोमिटर सडक, छ वटा पक्की पुल, आठ वटा 'बेलिब्रिज' र १० वटा झोलुङ्गे पुल बगाएको छ । बाढीबाट भोटेकोशी र त्रिशूली नदी तथा लाङ्टाङ खोलामा निर्माण भएका आठ वटा जलविद्युत् आयोजनामा पूर्ण रुपमा क्षति पुगेको छ ।

बाढीले १११ मेगावाटको रसुवागढी, १२० मेगावाटको भोटेकोशी, २० मेगावाटको चिलिमे, २० मेगावाटको लाङ्टाङ खोला, २१६ मेगावाटको माथिल्लो त्रिशूली-१, पाँच मेगाावटको मैलुङ खोला, ६० मेगावाटको माथिल्लो त्रिशूली ३ 'ए' र ३७ दशमलव तीन मेगावाटको त्रिशूली ३ 'बी'मा क्षति पुऱ्याएको छ ।

**खोज तथा उद्धार जारी**

बाढीका कारण विभिन्न जलविद्युत् आयोजनाको सुरुङमा फसेकाको खोज तथा उद्धार जारी छ । नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट उद्धार कार्य भइरहेको छ । थप मद्दतका लागि दक्षिण कोरिया, भारत र चीनका विज्ञसमेत प्रभावित क्षेत्रमा खटिइएको जिल्ला विपद् व्यवस्थापन समितिले जनाएको छ ।

हालसम्म बाढीमा परी एक हजार ३६५ रसुवाली नागरिक, एक हजार १६० अन्य जिल्लाका नागरिक, २६४ पर्यटक सम्पर्कविहीन भएका छन् । यसैगरी बैंक तथा वित्तीय संस्थाका २६ जना कर्मचारी, ७९ जना सरकारी कर्मचारी, १३ सशस्त्र प्रहरी, २८ जना नेपाल प्रहरी, २७ नेपाली सेना हराएको सहायक प्रजिअ अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रभावित क्षेत्रका बासिन्दालाई खाद्यन्न आपूर्ति सहज गर्न हेलिकप्टरमार्फत राहत वितरण भइरहेको छ । रासस

# पहिरोले कर्णाली करिडोर अवरुद्ध

बाजुरा । गए रातिदेखि परेको अविरल वर्षापछि आएको पहिरोले कर्णाली करिडोर सडकखण्ड अवरुद्ध भएको छ । बाजुराको जगन्नाथ गाउँपालिका-५ भुकाह खोलामा पहिरो खसेपछि सडक अवरुद्ध भएको हो ।

जिल्ला प्रहरी कार्यालय बाजुराका सूचना अधिकारी एवं प्रहरी निरीक्षक गगनसिंह भाटका अनुसार हिमाली गाउँपालिका-७ बाधु र जगन्नाथ गाउँपालिका-५ मा माथिबाट आएको पहिरोले सडकखण्ड अवरुद्ध भएको छ । कर्णाली करिडोरअन्तर्गत बाधुमा आएको पहिरो पिएस कन्स्ट्रक्सनको जेसिबी प्रयोग गरी हटाएर खुलाइए पनि जगन्नाथको भुकाह खोलामा पनि पहिरो खस्दा सडक अवरुद्ध भएको उहाँले जानकारी दिनुभयो ।

सडक अवरोध खुलाउन प्रहरीचौकी जुड्डीबाट प्रहरी सहायक निरीक्षक रमेश रावलको कमाण्डमा तीन जनाको प्रहरी टोली घटनास्थलमा खटिएको छ । सडक अवरुद्ध हुँदा गन्तव्य स्थानतर्फ जाने सवारीसाधन बाटोमा रोकिएका छन् । रासस

# रुद्राक्षखेतीलाई आम्दानीको स्रोत बनाउँदै पृथीमान

इलाम । माङसेबुङ गाउँपालिका-२ काब्राबोटेका किसान पृथीमान जवेगूले परम्परागत खेतीको विकल्पमा रुद्राक्षलाई आम्दानीको स्रोत बनाउँदै आउनुभएको छ । उहाँले १० वर्षदेखि रुद्राक्षखेती गर्दै आउनुभएको हो । खेतीयोग्य जमिनमा रुद्राक्ष रोप्नुभएका जवेगूले अहिले वार्षिक रु दुई लाख आम्दानी गर्दै आउनुभएको छ ।

उहाँले १८ रोपनी क्षेत्रमा ३०० वटा रुद्राक्षका बोट रोप्नुभएको छ । विसं २०७३ मा सङ्खुवासभाबाट प्रतिगोटा रु २०० का दरले बिरुवा खरिद गरेर रुद्राक्ष रोपेको किसान जवेगूले बताउनुभयो । चार वर्षपछि सबै बोटले उत्पादन दिन थालेका उहाँले बताउनुभयो । "सङ्खुवासभाको कुस्वाबेँसीबाट प्रतिगोटा रु २०० का दरले ३०० वटा रुद्राक्षको बिरुवा ल्याएर खेतीयोग्य बारीमा रोपेको हुँ", उहाँले भन्नुभयो, "चार वर्षपछि उत्पादन सुरु भयो । विसं २०७७ देखि बर्सेनि रु दुई लाख कमाइ भइरहेको छ ।"

रुद्राक्षलाई अन्य बालीजस्तो धेरै मेहनत गरिरहन नपर्ने भएकाले आम्दानी सबै बचत हुने जवेगूले जानकारी दिनुभयो । सुरुमा बिरुवा किन्न, खाडल निर्माण, मल तथा सिँचाइ व्यवस्थापनमा खर्च भए पनि बोट हुर्केपछि कुनै खर्च नहुने उहाँले बताउनुभयो । अन्य अन्नबाली बर्सेनि लगानी र श्रम गर्नुपर्ने तर रुद्राक्ष एकपटक लगाएपछि लामो समयसम्म आम्दानी लिन सकिने उहाँको भनाइ छ ।

किसान जवेगूले उत्पादित रुद्राक्ष बिक्रीका लागि बजार समस्या नरहेको बताउनुभयो । सङ्खुवासभाका व्यापारीले बोटबाट वार्षिक रु दुई लाख दिने शर्तमा ठेक्का सम्झौता गरी लैजाने गरेका उहाँले सुनाउनुभयो । "रुद्राक्ष बिक्रीका लागि मैले केही गर्न पर्दैन । उत्पादन भएपछि उहाँहरू आउनुहुन्छ । दाना आफैँ हेर्नुहुन्छ । आवश्यक पर्नेजति छानेर लैजानुहुन्छ", उहाँले भन्नुभयो, "ठेक्का सम्झौता अनुसार मूल्य दिने गर्नुभएको छ ।"

विगतमा परम्परागत रूपमा मकै, कोदोलगायत अन्नबाली खेती गर्दै आउनुभएका जवेगूले रुद्राक्षबाट कम मेहनतमा तुलनात्मक रूपमा बढी आम्दानी लिन सकिने बताउनुभयो । अहिले रुद्राक्षबाट हुने आम्दानीले उहाँको घरखर्चमा प्रत्यक्ष सहयोग पुगेको छ । "पहिले कडा मेहनत गर्दा समेत अन्नबालीबाट घरखर्च चलाउन मुस्किल पर्दथ्यो", उहाँले भन्नुभयो, "अहिले बर्सेनि नियमित आम्दानी भइरहेको छ, यसले जीविकोपार्जन सहज भएको छ ।"



रुद्राक्षखेतीबाट नियमित आम्दानी हुन थालेपछि किसान जवेगूले आगामी दिनमा रुद्राक्षको खेती विस्तार गर्ने योजनामा रहेको बताउनुभयो । आगामी वर्ष नयाँ जमिनमा रुद्राक्ष रोप्ने योजना बनाएको बताउँदै गाउँका अन्य किसानलाई पनि रुद्राक्ष खेतीबारे जानकारी र सल्लाह दिने गरेको उहाँले उल्लेख गर्नुभयो ।

माङसेबुङमा पहिलोपटक जवेगूले व्यावसायिक रूपमा रुद्राक्षखेती सुरु गर्नुभएपछि अन्य किसानले पनि परीक्षणका लागि थोरै क्षेत्रमा रुद्राक्ष रोप्न थालेका छन् । स्थानीयस्तरमा प्राविधिक सहयोग, गुणस्तरीय बिरुवा र बजार व्यवस्थापनमा ध्यान दिन सके रुद्राक्षखेतीलाई व्यावसायिक रुप दिन सकिने जवेगूको भनाइ छ । "रुद्राक्षबाट गुणस्तरीय र दुर्लभ दाना उत्पादन भए एकैपटक ठूलो रकम प्राप्त गर्न सकिन्छ । सबै दानाको मूल्य एउटै हुँदैन । स्पष्ट मुख देखिने, राम्रो आकार भएका र आकर्षक बनोटका दानाले बजारमा बढी मूल्य पाउछन्", उहाँले भन्नुभयो ।

रुद्राक्षका दानामा देखिने प्राकृतिक धर्सा वा रेखाका आधारमा यसको 'मुख' निर्धारण गरिन्छ । रुद्राक्षको दानाको मूल्य मुखअनुसार फरकफरक निर्धारण हुने किसान जवेगूले जानकारी दिनुभयो । उहाँका अनुसार सामान्यतया आठदेखि २९ मुखेसम्मका दानालाई 'मुखदार' रुद्राक्ष मानिन्छ । "व्यापारीका अनुसार रुद्राक्षको मुखको सङ्ख्या जति धेरै हुन्छ, त्यति दुर्लभ र मूल्यवान मानिने भएकाले यसक बजार सोहीअनुसार उच्च हुने गर्दछ", उहाँले भन्नुभयो ।

रुद्राक्षका दाना धार्मिक तथा सांस्कृतिक प्रयोजनक साथै माला, गहना र विभिन्न सामग्री बनाउन प्रयोग हुने भएकाले बजारमा यसको माग बढिरहेको जवेगूको बुझाइ छ । धार्मिक तथा आध्यात्मिक महत्वका कारण रुद्राक्षको माग स्वदेशमा मात्र नभई विदेशमा उच्च रहेको व्यावसायीहरू बताउँछन् ।

रुद्राक्ष समुद्री सतहबाट करिब एक हजार ८०० मिटरको उचाइमा खेती गर्न सकिने विज्ञहरूको भनाइ छ । यसका लागि मट्याइलो, पारिलो र घमाइलो जग्गा उपयुक्त मानिन्छ । यसको बिरुवा वर्षायामअर्थात् असारदेखि असोजसम्म १० मिटरको फरक पारेर रोप्नु उपयुक्त मानिन्छ । तराईदेखि मध्य पहाडी क्षेत्रमा खेती गर्न सकिने यो नगदेवृक्ष फल दिन थालेपछि पचासौँ वर्षसम्म फल दिइरहन्छ । रासस

# जसपा नेपालले दर्जनौ कार्यकर्तालाई गरे निष्काशन



**टुडे समाचारदाता**

जनकपुरधाम। पार्टीको नीति, सिद्धान्त र निर्णयविपरीत काम गरेको भन्दै जनता समाजवादी पार्टी, नेपाल (जसपा) ले लुम्बिनी प्रदेशका सांसदसहित स्थानीय तहका जनप्रतिनिधि तथा कार्यकर्तालाई पार्टीबाट निष्काशन गरेको छ।

गत भदौ १६, १७ र १८ गते ललितपुरको बालकुमारीमा बसेको पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले सो निर्णय गरेको हो। बैठकपछि जारी विज्ञप्तिअनुसार पार्टीले लुम्बिनी प्रदेश सरकारको पक्षमा मतदान गरी पार्टी नीति उल्लङ्घन गर्ने चार जना प्रदेश सभा सदस्यहरूलाई निस्काशित गरेको छ।

निष्कासनमा पर्ने सांसदहरूमा सन्तोष कुमार पाण्डेय, हेमा बेल्वासे (के.सी.), भण्डारीलाल अहिर र आदेश कुमार अग्रवाल रहेका छन्। यी सांसदहरूले पार्टीको निर्णयविपरीत लुम्बिनी प्रदेश सरकारको पक्षमा मतदान गरी सरकारमा समेत सहभागी भएकाले निष्काशन गरिएको विज्ञप्तिमा उल्लेख छ।

त्यसैगरी, स्थानीय तहका जनप्रतिनिधि र नेताहरूलाई पनि निष्कासन गरिएको छ। जसमा लहान नगरपालिकाका उपप्रमुख राम चलित्तर महतो, विभिन्न वडाका अध्यक्षहरू रमेशकुमार यादव, विजयकुमार महतो, प्रकाशमान श्रेष्ठ, शम्भु कुमार व्यार, मो. मुस्तकिम र किस्मत राई रहेका छन्।

कारबाहीमा पर्ने अन्यमा प्रदेश सभा सदस्य निर्मला तावा, खोटाङका जिल्ला समन्वय समिति प्रमुख सन बहादुर राई, माम्सेबुङ गाउँपालिकाका उपाध्यक्ष विनोद नेम्वाङ, केपीलासगढीका उपाध्यक्ष गुरुराज राई लगायत दर्जनौँ वडा अध्यक्ष र सदस्यहरू रहेका छन्।

उनीहरूलाई पार्टीको नीति, सिद्धान्त र विधान विपरीत कार्य गरेको आरोप लगाइएको छ। बैठकले रसुवागढीको भोटेकोशीमा आएको बाढीबाट प्रभावितहरूका लागि प्रधानमन्त्री राहत कोषमा २१ लाख रुपैयाँ प्रदान गर्ने निर्णय गरेको छ।

जसपाले अग्रगामी मोर्चा' गठनको निर्णयलाई स्वागत गर्दै यसलाई सफल बनाउन सक्रिय सहभागिता जनाउने निर्णय गरेको छ। पार्टीले संगठन सुदृढीकरणका लागि भदौ २१ गते पश्चिम नवलपरासी, २२ गते रुपन्देही र २३ गते कपिलवस्तु र दाङमा जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षण आयोजना गर्ने तालिका सार्वजनिक गरेको छ।

# आधाभन्दा बढी क्षेत्रफलमा सिचाई आभाव, धान उत्पादन घटदै

**प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रकाशित गरेको "कृषि दर्पण"मा उल्लेखित विवरणअनुसार प्रदेशमा खेती गरिएको कुल क्षेत्रफलको ४९ दशमलव ४४ प्रतिशतमा मात्रै सिँचाइको व्यवस्था पुगेको छ। बाँकी आधाभन्दा बढी क्षेत्र अझै वर्षाको पानीमा निर्भर छ।**

**टुडे समाचारदाता**

जनकपुरधाम। देशकै प्रमुख धान उत्पादन क्षेत्रका रूपमा चिनिने मधेस प्रदेशमा आधाभन्दा बढी धान खेतीयोग्य जमिन अझै आकाशे पानीको भरमा रहेको पाइएको छ। पर्याप्त सिँचाइ सुविधा विस्तार हुन नसक्दा धान उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर परिरहेको सरोकारवाला निकायको ठहर छ।



मधेस प्रदेशका आठवटै जिल्लामा धान खेती हुँदै आए पनि खेती गरिएको कुल क्षेत्रफलको आधाभन्दा कम जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको सरकारी तथ्यांकले देखाएको छ। प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रकाशित गरेको 'कृषि दर्पण'मा उल्लेखित विवरणअनुसार प्रदेशमा खेती गरिएको कुल क्षेत्रफलको ४९ दशमलव ४४ प्रतिशतमा मात्रै सिँचाइको व्यवस्था पुगेको छ। बाँकी आधाभन्दा बढी क्षेत्र अझै वर्षाको पानीमा निर्भर छ।

धान रोपाइँको मुख्य समयमा पर्याप्त वर्षा नहुँदा किसानले समयमै रोपाइँ गर्न नसक्ने र त्यसको प्रत्यक्ष असर उत्पादनमा पर्ने गरेको छ। विशेषगरी बेर्ना तयार पार्ने समयदेखि रोपाइँ सम्पन्न गर्दासम्म पानीको अभाव हुने समस्या किसानले झेल्दै आएका छन्। पछिल्ला केही वर्षदेखि मधेस प्रदेशमा खडेरीको अवस्था देखिँदै आएपछि प्रदेश सरकारले विभिन्न क्षेत्रलाई सुक्खाग्रस्त क्षेत्रका रूपमा समेत घोषणा गर्दै आएको छ।

सिँचाइको पहुँच भने प्रदेशका सबै जिल्लामा समान छैन। सरकारी विवरणअनुसार सर्लाहीमा खेती गरिएको क्षेत्रफलको सबैभन्दा बढी अर्थात् ७२ दशमलव ६८ प्रतिशत जमिन सिञ्चित छ। पर्सामा ६१ दशमलव २१ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ।

त्यस्तै, बारामा ५० प्रतिशत, रौतहटमा ४८ दशमलव ९१ प्रतिशत, धनुषामा ५१ प्रतिशत, महोत्तरीमा ३२ दशमलव ५४ प्रतिशत, सिरहामा ३९ दशमलव ७८ प्रतिशत र सप्तरीमा करिब ३४ प्रतिशत खेतीयोग्य क्षेत्र मात्रै सिँचाइको पहुँचमा रहेको तथ्यांकमा उल्लेख छ।

यी तथ्यांकले मधेसमा कृषि उत्पादन बढाउने सरकारी दाबी र खेतसम्म पुगेको सिँचाइ सुविधाबीच अझै ठूलो अन्तर रहेको देखाउँछ। विशेषगरी महोत्तरी र सप्तरीमा खेतीयोग्य जमिनको ठूलो हिस्सा सिँचाइ सुविधाबाट वञ्चित छ। वर्षाको भरमा धान खेती गर्नुपर्ने बाध्यताका कारण अनियमित मनसुनको जोखिम प्रत्यक्ष रूपमा किसानले बेहोर्नुपरेको छ।

धान उत्पादनका दृष्टिले महत्वपूर्ण मानिने मधेस प्रदेशको कृषि अर्थतन्त्रमा धानबालीको ठूलो हिस्सा छ। उपलब्ध विवरणअनुसार प्रदेशमा कुल ५ लाख ६७ हजार ५६५ हेक्टर खेतीयोग्य जमिन रहेकोमा ३ लाख ७४ हजार ११७ हेक्टर क्षेत्रफलमा धान खेती भइरहेको छ।

तर पर्याप्त सिँचाइ तथा मलखादको अभावका कारण धानको उत्पादकत्व अपेक्षाकृत कम छ। मन्त्रालयले प्रकाशित गरेको विवरणअनुसार चैते र वर्षे धानलाई समेट्दा प्रदेशमा प्रतिहेक्टर औसत ३ दशमलव ९६ मेट्रिक टन उत्पादकत्व रहेको छ। प्रदेशमा हाल करिब १४ लाख ८० हजार ८३० मेट्रिक टन धान उत्पादन हुँदै आएको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशमा १५ लाख २ हजार ५८ मेट्रिक टन धान उत्पादन भएको थियो। त्यसअघि आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार ६०७ मेट्रिक टन धान उत्पादन भएको तथ्यांक छ।

नेपालमा वार्षिक करिब ७२ लाख मेट्रिक टन धान आवश्यक पर्ने भए पनि औसतमा करिब ६० लाख मेट्रिक टन मात्रै उत्पादन हुँदै आएको छ। माग र उत्पादनबीचको अन्तर पूर्ति गर्न करिब १२ लाख मेट्रिक टन धान भारतबाट खरिद गर्नुपर्ने अवस्था रहेको छ।

धान उत्पादनको पर्याप्त सम्भावना हुँदाहुँदै पनि सिँचाइ र मलखादको व्यवस्थापनमा सरकारी कमजोरीका कारण उत्पादनमा अपेक्षित सुधार हुन नसकेको किसानको गुनासो छ। कृषि क्षेत्रको आधारभूत पूर्वाधार मानिने सिँचाइमा पर्याप्त र योजनाबद्ध लगानी हुन नसक्नु मधेसको कृषि विकासको गम्भीर कमजोरीका रूपमा देखिएको छ।

मधेस प्रदेशमा धानबाहेक गहुँ, उखु, आँप, केरा, मकै, गोलभेँडा, दलहन र तेलहनलगायतका बालीको समेत उल्लेख्य उत्पादन हुँदै आएको छ। कृषि उत्पादनको ठूलो सम्भावना बोकेको प्रदेश भए पनि सिँचाइको पर्याप्त व्यवस्था नहुँदा किसानले अझै मौसमी वर्षाको अनिश्चिततासँग जुधेरै खेती गर्नुपर्ने अवस्था छ।

धान खेतीका लागि आवश्यक मल, बीउ र सिँचाइ समयमै उपलब्ध नहुँदा किसानको उत्पादन लागतसमेत बढ्ने गरेको छ। वर्षा ढिलो भए धान रोपाइँ नै प्रभावित हुने र रोपाइँपछि पर्याप्त पानी नपरे उत्पादन घट्ने जोखिम किसानले प्रत्येक वर्ष सामना गर्दै आएका छन्।

धान रोप्ने मुख्य समयमा मल र सिँचाइको समस्या भोग्नु किसानका लागि नियमितजस्तै बनेको छ। सिँचाइ विस्तारका लागि संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहबाट लगानी गर्दै आए पनि त्यसको परिणाम पर्याप्त देखिएको छैन।

सिँचाइ व्यवस्थापनका लागि संघीय र प्रदेश तहमा छुट्टाछुट्टै निकाय तथा मन्त्रालयसमेत छन्। मधेस प्रदेशमा ऊर्जा, सिँचाइ तथा खानेपानीसँग सम्बन्धित निकायका साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसमेत सिँचाइसँग जोडिएका कार्यक्रम सञ्चालन गर्दै आएका छन्। हरेक वर्ष डिप ट्युबेल, नहर, कुलो तथा बोर्डिङ निर्माण र विस्तारमा लगानी हुँदै आएको छ।

तर योजनाबद्ध अध्ययन, दीर्घकालीन आवश्यकता पहिचान र उचित व्यवस्थापनको अभावमा कतिपय सरकारी लगानी प्रभावकारी बन्न नसकेको देखिन्छ। पूर्वाधार निर्माणपछि त्यसको नियमित सञ्चालन, मर्मतसम्भार र पानी वितरणको प्रभावकारी व्यवस्थापन हुन नसक्दा करोडौंको लगानीबाट अपेक्षित लाभ किसानले लिन सकेका छैनन्।

# आज ८ घण्टा विद्युत अवरुद्ध रहने



**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामका विभिन्न क्षेत्रमा आइतबार विद्युत् आपूर्ति अवरुद्ध हुने नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रले जनाएको छ।

प्राधिकरणका अनुसार जीर्ण अवस्थामा रहेका विद्युत् पोलहरू परिवर्तन गर्ने तथा विद्युत् लाइनमा छोएका रुखका हाँगाहरू काट्ने कार्य गर्नका लागि आइतबार बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म विद्युत् सेवा प्रभावित हुन सक्नेछ।

उक्त अवधिमा सिटी-३ र रिङ फिडर अन्तर्गतका क्षेत्रमा विद्युत् आपूर्ति अवरुद्ध हुने प्राधिकरणले जनाएको छ। विद्युत् सेवा प्रभावित हुने प्रमुख क्षेत्रहरूमा मिल्स एरिया, कदमचोक, रेल्वे स्टेशन, कपिलेश्वर, महुवा, मालपोत कार्यालय आसपास, पिररिया माइस्थान, कुवा, रामपुर, लोहना, हनुमाननगर, प्रदेश सभा भवन, माछापालन क्षेत्र, विमानस्थल तथा धनौजी गाउँपालिका लगायत रहेका छन्।

प्राधिकरणले निर्धारित समयभन्दा अगावै मर्मत तथा व्यवस्थापनको काम सम्पन्न भए विद्युत् आपूर्ति सोहीअनुसार पुनः सञ्चालन गरिने जनाएको छ। त्यस्तै, प्रतिकूल मौसम वा प्राविधिक कारणले निर्धारित समय परिवर्तन हुन सक्ने पनि सूचनामा उल्लेख छ।

विद्युत् अवरुद्ध हुँदा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण जनकपुर वितरण केन्द्रले उपभोक्तासँग क्षमायाचना गरेको छ।

# एम्बुलेन्सबाट नवजात शिशुको तस्करी, ८ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट। मधेश प्रदेशको सीमासँग जोडिएको भारत बिहारको पूर्वी चम्पारणस्थित मोतिहारीमा नवजात शिशुको खरिद-बिक्री गर्ने अन्तरराज्यीय गिरोहको पर्दाफास भएको छ।

प्रहरीले विशेष कार्यदल (एसटीएफ) को सहयोगमा एम्बुलेन्समार्फत नवजात बालिकाको तस्करी भइरहेको अवस्थामा ८ जनालाई पक्राउ गरेको हो।




प्रहरीका अनुसार पकडीदयाल क्षेत्रमा नवजात बालिकालाई एम्बुलेन्समा राखेर अन्यत्र लैजाँदै गरेको सूचनाका आधारमा घेराबन्दी गरिएको थियो। त्यस क्रममा एउटा एम्बुलेन्स र अल्टो कार नियन्त्रणमा लिइएको थियो।

घटनामा औरंगाबादका एक दम्पती तथा पटना क्षेत्रका दलालसहित ८ जना पक्राउ परेका छन्। उनीहरूको साथबाट १ लाख १२ हजार रुपैयाँ नगद, एम्बुलेन्स, अल्टो कार तथा विभिन्न मोबाइल फोन बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार नवजात शिशु (बालिका) को सौदा १ लाख १२ हजार रुपैयाँमा भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। उद्धार गरिएकी बालिकालाई हाल विशाल चाइल्ड केयरमा चिकित्सकीय निगरानीमा राखिएको छ भने उनकी वास्तविक आमा अस्पतालमा उपचाररत रहेको बताइएको छ।

नवजात शिशुको उद्धारका लागि प्रयोग हुने एम्बुलेन्स नै तस्करीको माध्यम बनेको घटनाले मानव बेचबिखनको स्वरूप कति भयावह बन्दै गएको छ भन्ने देखाएको छ। बिरामी तथा आपत्कालीन सेवाका लागि प्रयोग हुने सवारीसाधनमाथि समेत तस्कर हरूको पहुँच पुग्नु सुरक्षा संयन्त्रमाथि गम्भीर प्रश्न हो।

बालबालिकाको खरिद-बिक्री सामान्य आपराधिक घटना मात्र होइन, यसले बाल अधिकार, मानव बेचबिखन तथा संगठित अपराधसँग जोडिएको गम्भीर जोखिमलाई संकेत गर्छ। अझ नवजात शिशुलाई निश्चित रकममा किनबेच गरिएको तथ्यले आर्थिक रूपमा कमजोर परिवार र असहाय अवस्थाको फाइदा उठाएर संगठित गिरोह सक्रिय रहेको आशंका बढाएको छ।

गिरोहको जालो कहाँसम्म ?

प्रहरीले पक्राउ परेकाहरूबीचको सम्बन्ध, बालिकाको वास्तविक परिवार, खरिदकर्ता, बिचौलिया र अन्य सम्भावित व्यक्तिहरूबारे अनुसन्धान गरिरहेको छ। साथै यस गिरोहले यसअघि पनि नवजात शिशुको खरिद-बिक्री गरेको थियो कि थिएन भन्ने विषयमा समेत अनुसन्धान भइरहेको छ।

एक नवजात बालिकाको उद्धारसँगै घटना टुंगिनेभन्दा पनि यस्तो गिरोहको जालो कहाँसम्म फैलिएको छ र यसअघि कति बालबालिका बेचबिखनको सिकार भए भन्ने प्रश्नको जवाफ खोज्नु अहिले प्रहरीको मुख्य चुनौती हो। साथै अस्पताल, एम्बुलेन्स सेवा र सीमावर्ती क्षेत्रको निगरानीलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

# नेपाली मोटरसाइकल चोर भारतमा पक्राउ

**टुडे समाचारदाता**

रौतहट। भारतीय प्रहरीले चोरी भएको मोटरसाइकलसहित एक नेपाली नागरिक बिहारको मोतीहारी जिल्लाबाट पक्राउ परेका छन्।




भारत-नेपाल सीमावर्ती क्षेत्रमा सवारीसाधन जाँचका क्रममा झरोखर थाना प्रहरीले शुक्रबार छितरौली गाउँनजिकबाट रौतहटको गुजरा नगरपालिका-बलुवा गाउँका २५ वर्षीय शेख कलीमुल्लाहलाई पक्राउ गरेको हो।

भारतीय प्रहरीका अनुसार नियमित सवारीसाधन जाँचका क्रममा एचएचडी मेसिनबाट मोटरसाइकलको चेसिस नम्बर र दर्ता नम्बर परीक्षण गर्दा दुवै विवरणमा भिन्नता भेटिएको थियो। त्यसपछि प्रहरीले मोटरसाइकलको थप विवरण रेकर्डसँग मिलान गर्दा उक्त मोटरसाइकल चोरीसम्बन्धी घटनामा पहिले नै मुद्दा दर्ता भएको खुलेको थियो।

प्रहरीका अनुसार मुजफ्फरपुरको सदर थाना काण्ड नम्बर ७९१/२१ मा उक्त मोटरसाइकल चोरीसम्बन्धी मुद्दा दर्ता रहेको छ। सवारीसाधनको विवरण सत्यापन गर्दा मोटरसाइकल चोरीको भएको पुष्टि भएपछि कलीमुल्लाहलाई नियन्त्रणमा लिइएको हो।

सीमावर्ती क्षेत्रमा चोरीका मोटरसाइकलको नम्बर तथा चेसिस परिवर्तन गरी ओसारपसार हुने गरेको आशंकाबीच पछिल्लो पक्राउलाई प्रहरीले सीमा क्षेत्रमा बढाइएको निगरानीको परिणामका रूपमा लिएको छ।

यद्यपि, पक्राउ परेका कलीमुल्लाहको मोटरसाइकल चोरीमा प्रत्यक्ष संलग्नता थियो वा थिएन तथा चोरीको मोटरसाइकल उनीसम्म कसरी पुगेको हो भन्ने विषयमा थप अनुसन्धान भइरहेको भारतीय प्रहरीले जनाएको छ। भारतीय प्रहरीले कलीमुल्लाहमाथि आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाई सकिएको जनाइएको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८